# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २५६ | काठमाडौं | शनिबार, २७ पुस २०८१ | Prabhab National Daily | Saturday, January 11, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# महँगीले सीमा नाघ्यो, मारमा जनता



■ प्रभाव संवाददाता

- ⏭ ५.५ प्रतिशतको लक्षित सीमा नाघेर ६.०५ प्रतिशत पुग्यो मूल्यवृद्धि
- ⏭ सहरको तुलनामा गाउँमा महँगी उच्च
- ⏭ प्रदेशगतरूपमा कोशी प्रदेशमा सबैभन्दा बढी ७.३६ प्रतिशत
- ⏭ काठमाडौं उपत्यकाको मूल्यवृद्धि ५.८२ प्रतिशत
- ⏭ हिमाली क्षेत्रको मूल्यवृद्धि तराई-पहाडमा भन्दा बढी
- ⏭ जनतालाई राहत दिने सरकारकोआश्वासनविपरीत मूल्यवृद्धिको उपहार

**काठमाडौं–** मुलुकमा यतिबेला मूल्यवृद्धि वाञ्छित सीमा नाघेर उच्च बिन्दुमा पुगेको पाइएको छ। चालु आर्थिक वर्षको पाँच महिनामा मूल्यवृद्धि (मुद्रास्फिति)ले वाञ्छित सीमा पार गरेको हो। जनजीविका प्रभावित हुनेगरी खाद्यवस्तुको मूल्यवृद्धि उच्च कायम भएको छ।

नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको गत मंसिर मसान्तसम्मको देशको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत मंसिरमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६.०५ प्रतिशत रहेको छ। जबकि, सरकारले चालु अवमा ५.५ प्रतिशतको वाञ्छित सीमा राखेको छ। अघिल्लो वर्षको सोही अवधिमा मुद्रास्फीति ४.९५ प्रतिशतमा सीमित थियो।

पछिल्लो तथ्यांकअनुसार सरकार मूल्यवृद्धि नियन्त्रणमा पूर्णतः असफल देखिएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले जनतालाई राहत दिने बताउँदै आए पनि त्यसविपरीत महँगीको भुंग्रोमा पारेको देखिन्छ। मूल्यवृद्धिको प्रत्यक्ष मार आमसर्वसाधारणले बेहोर्नुपरिरहेको सरोकारवाला बताउँछन्।

समीक्षा अवधिमा गैरखाद्य वस्तुभन्दा खाद्यवस्तुमा मूल्यवृद्धि उच्च देखिएको छ। गत मंसिरमा खाद्य तथा पेयपदार्थ समूहको मूल्यवृद्धि ९.९९ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मूल्यवृद्धि ३.९२ प्रतिशत रहेको छ। अघिल्लो वर्ष सोही अवधिमा यी समूहहरूको मूल्यवृद्धि क्रमशः पाँच प्रतिशत र ४.९२ प्रतिशतले वृद्धि भएको थियो।

राष्ट्र बैंकका अनुसार खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत तरकारी उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ४३.०५ प्रतिशत, दाल तथा गेडागुडीको १०.६६ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको ९.७० प्रतिशत र घिउ तथा तेलको ९.३९ प्रतिशतले बढेको छ। मरमसला उपसमूह र चिनी तथा चिनीजन्य पदार्थको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक भने क्रमशः १.१८ प्रतिशत र ०.८३ प्रतिशतले घटेको छ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ७.९८ प्रतिशत, मदिराजन्य पेयपदार्थको ७.०१ प्रतिशत, कपडाजन्य तथा जुत्ता चप्पलको ६.७५ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणको ५.२९ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ।

⏭ क्रमशः पृष्ठ २ मा

# शक्ति देखाउन मोर्चा ब्युँताउने कसरत

- ■ २०८० असार ४ गते माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको सक्रियतामा समाजवादी मोर्चा गठन
- ■ १५ बुँदे प्रतिबद्धता तय गरिए पनि २०८१ को साउन १ गते मोर्चाको पहिलो बैठक, बैठकमा उपेन्द्र यादव अनुपस्थित
- ■ नेपाली कांग्रेस र नेकपा एमालेको सत्ता गठबन्धनले विपक्षी दललाई पेलेरै जाने नीति लिएपछि फेरि मोर्चाको सुरसारमा






समाजवादी मोर्चालाई फेरि सक्रिय बनाउनुपर्‍यो भन्ने विषयमा नै छलफल भयो। अहिलेको सत्ता गठबन्धन अप्राकृतिक छ, यो धेरै चल्दैन।

■ **पुष्पकमल दाहाल**
**अध्यक्ष, माओवादी केन्द्र**

हाम्रो कुराकानी समाजवादी मोर्चालाई कसरी पुनः क्रियाशील बनाउने भन्ने विषयमै केन्द्रित थियो। चारवटा घटक र अरू पार्टीसँग पनि छलफल गरी अघि बढ्छौं।

■ **माधव नेपाल**
**अध्यक्ष, एकीकृत समाजवादी**

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल जबजब आफू कमजोर महसुस गर्छन् तब शक्ति प्रदर्शनका लागि विभिन्न मोर्चा तयारी गर्छन्। गत वर्षको असारमा माओवादी अध्यक्ष दाहालले आफूलाई सत्ताबाटै हटाउने तयारी थाहा पाएर समाजवादी मोर्चा गठन गरेका थिए।

शीर्ष दल नेपाली कांग्रेस र नेकपा एमालेबाट निरन्तर दबाब आएपछि राष्ट्रिय सभागृहमा कार्यक्रम आयोजना गरी माओवादी केन्द्र, एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टी र नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका शीर्ष नेताको उपस्थितिमा उक्त मोर्चा गठन भयो।

मोर्चा गठन भएको केही दिनमै असार अन्तिममा एमालेले सत्ता छाडेसँगै दाहाल नेतृत्वको सरकार ढल्यो। त्यसपछि लगभग निस्क्रिय रहेको मोर्चाले एक वर्षपछि गत साउन १ गते एकीकृत समाजवादीको कार्यालय आलोकनगरमा बैठक राख्यो। बैठकमा जसपाका अध्यक्ष उपेन्द्र यादव देखिएनन्। बरु नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्रनारायण यादव थपिए। सोही दिन मोर्चाले कार्यदल गठन गर्‍यो। उक्त कार्यदलमा माओवादीबाट देव गुरुङ, एकीकृत समाजवादीबाट प्रमेश हमाल, नेकपाबाट खड्गबहादुर विश्वकर्मा र नेपाल समाजवादी पार्टीबाट गंगानारायण श्रेष्ठ छन्। कार्यदलले १५ दिनभित्र प्रतिवेदन बुझाउने उनले बताइएको थियो।

तर उक्त प्रतिवेदनको विषयमा छ महिना मौन बसेको मोर्चा ब्युँताउन दाहाल पुनः सक्रिय बनेका छन्। माओवादी केन्द्रसँग सत्ता सहकार्य तोड्दै कांग्रेससँग मिलेर अहिले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री छन्। उक्त सरकार बनेदेखि धेरै दिन नटिक्ने भन्दै आएको दाहालले शुक्रबार सिंहदरबारमा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव नेपाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनसँग भेटेका हुन्।

'समाजवादी मोर्चालाई फेरि सक्रिय बनाउनुपर्‍यो भन्ने विषयमा नै छलफल भयो,' भेटपछि दाहालले भने। योसँगै दाहालले यो सरकार नचल्ने दाबी पुनः दोहोर्‍याए। 'यो गठबन्धन अप्राकृतिक भएकोले चल्दैन,' दाहालले भने। माओवादी अध्यक्ष दाहाल अहिले विपक्षी दलका नेता हुन्। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने सहकारी प्रकरणमा ८४ दिन हिरासत बसेसँगै विपक्षी दलका नेता दाहाल कमजोर देखिएका छन्।

दाहालले अहिलेसम्म संसद्को हिउँदे अधिवेशनको माग गर्न सकेका छैनन्। जबकि रास्वपा सभापति लामिछाने पक्राउ पर्नुअघि सदनमा विशेष अधिवेशन माग गर्ने दाबी दाहालले गरेका थिए। पछिल्लोपटक पनि आफू कमजोर बन्दै गएपछि दाहालले समाजवादी मोर्चाको विषयमा जोड दिएको बताइन्छ। यही विषयमा छलफल भएको र अरु पार्टीसँग पनि छलफल गरी अघि बढ्ने एकीकृत समाजवादीका अध्यक्ष नेपालले बताए। 'हाम्रो कुराकानी समाजवादी मोर्चालाई कसरी पुनः क्रियाशील बनाउने भन्ने विषयमै केन्द्रित थियो। चारवटा घटक र अरु पार्टीसँग पनि छलफल गरी अघि बढ्छौं,' नेपालले भने।

यसबारेमा विस्तृत छलफल गर्न माघ २ गते बैठक बस्ने नेपालको भनाइ छ। भेटमा संविधान संशोधनमा सरकारले लिएको नीतिको विषयमासमेत छलफल भएको उनले बताए। 'संविधान संशोधन गर्नुपर्ने कुरा छ। यसका लागि हामीले कार्यदल बनाइसकेका छौं। संविधान संशोधन ०८७ तिर गर्ने भन्ने कुरा आएको छ,' नेपालले भने।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# पाँच महिनामा भित्रियो साढे छ खर्ब रेमिट्यान्स


## रोजगारीका लागि तीन लाख २५ हजार विदेसिए

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको पाँच महिनामा झण्डै साढे छ खर्ब रूपैयाँ रेमिटयान्स (विप्रेषण) मुलुक भित्रिएको छ। नेपाल राष्ट्र बैंकले शुक्रबार मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थिति समेटिएको प्रतिवेदन सार्वजनिक गर्दै मंसिर मसान्तसम्म छ खर्ब ४० अर्ब ४३ करोड रूपैयाँबराबर रेमिटयान्स भित्रिएको जानकारी दिएको हो।

प्रतिवेदनअनुसार समीक्षा अवधिमा विप्रेषण आप्रवाह ४.४ प्रतिशतले बढेको छ। यो वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा भने न्यून हो। अघिल्लो वर्षको सोही अवधिमा रेमिटयान्स वृद्धिदर २४.२ प्रतिशत रहेको थियो।

चालु आर्थिक वर्षको पाँच महिनामध्ये असोजमा सबैभन्दा बढी रेमिटयान्स भित्रिएको तथ्यांक छ। असोजमा एक खर्ब ४४ अर्ब १७ करोड रूपैयाँ भित्रिएको छ। सबैभन्दा कम कात्तिकमा एक खर्ब १४ अर्ब ३२ करोड रूपैयाँ भित्रिएको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ।




यसबाहेक चालु आवको पहिलो महिना साउनमा एक खर्ब ३६ अर्ब ९३ करोड, भदौमा एक खर्ब २६ अर्ब २१ करोड र मंसिरमा एक खर्ब १८ अर्ब ८० करोड रूपैयाँ आएको छ।

राष्ट्र बैंकको प्रतिवेदनमा उल्लिखित रेमिटयान्स रकममा वैदेशिक रोजगारीमा गएका नेपालीहरूले वैधानिकरूपमा पठाएका रकममात्र समेटिएको छ। बैंकिङ च्यानलबाहेक हुण्डी तथा अन्य अवैधानिक च्यानलबाटसमेत रकम भित्रिने गरेको छ। त्यस्तो रकम राष्ट्र बैंकको प्रतिवेदनमा समेटिएको हुँदैन। राष्ट्रिय तथ्यांक कार्यालयले गरेको जीवनस्तर सर्वेक्षणको पछिल्लो अध्ययनअनुसार ७५ प्रतिशत रेमिटयान्समात्र वैधानिक माध्यमबाट भित्रने गरेको छ।

मुलुकको अर्थतन्त्रमा करिब २५ प्रतिशतभन्दा बढी हिस्सा रेमिटयान्सले ओगटेको सरकारी तथ्यांक छ। जसले मुलुकको अर्थतन्त्र संकटमा परेका बेला ठूलो योगदान पुर्‍याउँदै आएको छ। यद्यपि, रेमिटयान्स भित्रयाउनुलाई नै उपलब्धि मान्न नहुने विज्ञहरूको भनाइ छ। स्वदेशमै उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनुको साटो श्रम निर्यात गर्दा मुलुकले दीर्घकालीन लाभ लिन नसक्ने सरोकारवाला बताउँछन्। रेमिटयान्सका कारण मुलुकको विदेशी मुद्रा सञ्चिति बढेको छ। तर, यसैमा निर्भर हुनु अर्थतन्त्रका लागि घातक हुने भएकोले उत्पादनमा जोड दिनुपर्ने विज्ञहरूको सुझाव छ।

अर्कोतर्फ रेमिटयान्सबापत भित्रिएको रकमको सदुपयोगमाथि पनि प्रश्न उठ्दै आएको छ। स्वदेशमा रोजगारी पर्याप्त रोजगारी सिर्जना गर्न नसक्दा विदेशमा श्रम गरेर कमाएको रकम पनि घरायसी प्रयोजनमै सीमित भएको विभिन्न अध्ययनले देखाएको छ। एक अध्ययनअनुसार रेमिटयान्सबापत आएको ७२.४ प्रतिशत रकम जीविकोपार्जनमा खपत हुने गरेको छ। जसमा ३० प्रतिशतभन्दा बढी घरपरिवार रेमिटयान्समा पूर्णरूपमा निर्भर छन्।

⏭ क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## शक्ति देखाउन ...

राप्रपा अध्यक्ष लिङ्देनले भने दुई शीर्ष दलको सरकारबाट संविधान संशोधनको आशा गर्न नसकिने र देश नबन्नुको कारण नै अहिलेको सरकार भएको आरोप लगाए । 'यो देश नबन्नुको मुख्य कारण अहिलेको नेतृत्व हो । संविधान परिवर्तन वा संशोधनको विषयमा हामीले निरन्तर आवाज उठाउँदै आएका छौं । संविधान संशोधनका लागि दुई ठूला दलले गरेको कुरा हावादारी रहेछ । त्यसैले अहिलेको नेतृत्व परिवर्तन गर्नुपर्छ,' उनले भने । भेटमा राष्ट्रिय एकता दिवस मनाउने विषयमासमेत छलफल भएको लिङ्देनको भनाइ रहृयो ।

### विगतको अवधारणा अलपत्र

असार ४, २०८० मा समाजवादी मोर्चाले अवधारणापत्रमसेत तय गरेको थियो । उक्त अवधारणामा प्रधानमन्त्री एवं माओवादीका अध्यक्ष दाहाल, एकीकृत समाजवादीका अध्यक्ष नेपाल, जसपाका अध्यक्ष उपेन्द्र यादव र नेकपाका महासचिव नेत्रविक्रम चन्दले हस्ताक्षर गरेका थिए । संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरण गर्दै नेपाली समाजवादको बाटो तय गर्ने, वर्गीय तथा क्षेत्रीय विभेदको अन्त्य गर्ने, मानव विकास सूचकांकमा पछाडि परेका मधेस, कर्णाली र सुदूरपश्चिम प्रदेशलाई प्रमुख प्राथमिकता राख्ने, जनताको नागरिक तथा आर्थिक अधिकारको संरक्षण, वित्तीय एकाधिकार तथा दलाल पुँजीवादी अर्थव्यवस्थाको विकल्पमा समाजवादी अर्थतन्त्रको आधार तयार पार्ने मोर्चाको उद्देश्य रहेको थियो ।

मोर्चाको अवधारणापत्रमा आन्तरिक र बाहृय लगानीमैत्री वातावरण निर्माण गरी देशलाई औद्योगिकीकरण गर्ने, वैदेशिक रोजगारीबाट पुँजी र प्रविधिसहित फर्केका नेपालीलाई देशभित्र रोजगारमूलक व्यवसाय गर्न प्रोत्साहित गर्ने र उत्पादनका क्रियाकलाप वृद्धि गरी रोजगारी प्रदान गर्ने र गरिबी उन्मूलन र रोजगार प्रवर्द्धनका क्षेत्रहरूमा लगानी बढाउन तीनवटै तहको सरकारलाई क्रियाशील बनाउने उल्लेख गरिएको छ ।

त्यस्तै, मोर्चाले वैज्ञानिक भू-उपयोग नीति लागू गर्दै कृषि क्रान्तिको माध्यमबाट कृषिको औद्योगिकीकरण, व्यावसायिकीकरण र आधुनिकीकरण गरी कृषिमा निर्भर श्रमजीवी जनताको जीवनस्तर सुधार, समृद्ध र समुन्नत बनाउने, ऊर्जा, जलस्रोत, वन, उद्योग, वाणिज्य, पर्यटन, सूचना प्रविधि, भौतिक पूर्वाधार, यातायातलगायत क्षेत्रलाई आर्थिक समृद्धिको संवाहकका रूपमा विकास गर्ने योजना तय गरेको थियो ।

शिक्षा, स्वास्थ्यजस्ता सामाजिक क्षेत्रहरूको रूपान्तरणका लागि राज्यले प्राथमिकता दिने उद्देश्य राखेको मोर्चाले सबैका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, रोजगार, सामाजिक सुरक्षा र आवासमा पहुँचको प्रत्याभूति गराउने एवं शिक्षालाई जनताको पहुँचभित्र राख्न सामुदायिक शिक्षा प्रभावकारी बनाउँदै प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनेसमेत अवधारणापत्रमा उल्लेख थियो । जलवायु परिवर्तन, वातावरणीय प्रदूषण र प्राकृतिक विपत्का कारण उत्पन्न नकारात्मक असरलाई नियन्त्रण गर्ने, जैविक विविधता र पर्यावरणको संरक्षण गर्ने मोर्चाको योजना थियो ।

त्यस्तै, गुणस्तरीय सेवा प्रवाहका लागि सार्वजनिक प्रशासन चुस्तदुरुस्त बनाउने, अनुगमन र मूल्यांकनको परिपाटी स्थापित गर्ने, योजना तर्जुमा गर्ने, शासकीय सुधार गर्ने तथा देशमा देखापरेको अनियमितता, प्रशासनिक ढिलासुस्ती, भ्रष्टाचार, कमिसनतन्त्र जस्ता अपराध र विकृतिलाई नियन्त्रण गरी जनतालाई सदाचार र सुशासनको प्रत्याभूति गराउने उल्लेख गरिएको थियो ।

संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहका सरकारहरूबीचको क्षेत्राधिकारलाई स्पष्ट पार्ने, देशका राजस्व तथा स्रोतसाधनहरू सन्तुलित र न्यायोचित रूपमा बाँडफाँड गर्ने र राज्यका तर्फबाट प्रदान गरिने सेवासुविधाहरू जनतामा पुर्‍याउन प्रदेश तथा स्थानीय तहलाई सक्षम बनाउँदै संघीय समाजवादी प्रणालीलाई समृद्ध गर्ने भनिएको थियो ।

यसैगरी देशको स्वाधीनता, सार्वभौमसत्ता र राष्ट्रिय हितको रक्षा गर्न एवं जनताको समृद्धिका लागि संयुक्त राष्ट्रसंघको बडापत्र र पञ्चशीलको सिद्धान्तलाई आधार मानी स्वतन्त्र, असंलग्न र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्ने, विगतका विभिन्न कालखण्डमा भएका आन्दोलनहरूका कारण विभिन्न दलका नेता र कार्यकर्ताहरूमाथि लगाइएका मुद्दाहरूको खारेजी र राजबन्दी रिहाइका लागि आवश्यक कानुनी र राजनीतिक पहल गर्ने र विभिन्न राजनीतिक दलहरूसँग भएका सहमति र सम्झौताहरू कार्यान्वयन गर्ने प्रतिबद्धतासमेत अवधारणापत्रमा उल्लेख थियो ।

समाजको विविधतायुक्त चरित्र अनुरूप राष्ट्रिय, लोकतान्त्रिक र वैज्ञानिक संस्कृति प्रवर्द्धन गर्ने, जाति, भाषा, धर्म तथा संस्कृतिको क्षेत्रमा रहेका सम्पूर्ण भेदभावको अन्त्य गरी राष्ट्रिय एकता प्रवर्द्धन गर्ने, प्रगतिशील कला, साहित्य र संस्कृतिको विकासलाई प्रोत्साहित गर्ने विषय पनि समेटिएको थियो ।

त्यसैगरी, समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लिंगीय सबै प्रकारका शोषण, उत्पीडन र विभेदहरूको अन्त्य गरी समता, स्वतन्त्रता एवं न्यायमा आधारित सामाजिक व्यवस्था निर्माण गर्ने तथा श्रम संस्कृतिलाई प्रोत्साहित गर्ने एवं श्रमजीवी जनताको पहलकदमीमा आर्थिक समृद्धिको माध्यमबाट आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरण गर्ने लक्ष्य राखिएको थियो । मोर्चाको नेतृत्व आलोपालो गर्ने र दैनिक कार्यसञ्चालनका लागि एउटा सचिवालय गठन गर्नुका साथै मोर्चालाई स्थानीय स्तरसम्म विस्तार गरिने विषयसमेत अवधारणापत्रमा समेटिएको थियो । मोर्चाको अध्यक्षमा हाल चन्द छन् ।

■■■

## महागीले सीमा...

गत मंसिरमा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ६.५२ प्रतिशतले बढेको छ । यता सहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ५.८९ प्रतिशतले बढेको पाइएको छ। प्रदेशगतरूपमा कोशी प्रदेशमा सबैभन्दा बढी ७.३६ प्रतिशतले वार्षिक बिन्दुगत उपभोक्ता मूल्य बढेको छ । यस्तै मधेस प्रदेशको वार्षिक बिन्दुगत उपभोक्ता मूल्यवृद्धि ६.७७, बागमती प्रदेशको ५.८४, गण्डकी प्रदेशको ४.८१, लुम्बिनी प्रदेशको ५.५३, कर्णाली प्रदेशको ४.१९ र सुदूरपश्चिम प्रदेशको ६.६६ प्रतिशत कायम भएको छ ।

यस अवधिमा काठमाडौं उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.८२, तराईको ६.३१, पहाडको ५.६५ र हिमालको ६.५८ प्रतिशत रहेको छ। गत मंसिरमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ६.५२ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति २.६३ प्रतिशत रहेको थियो । यो अवधिमा निर्माण सामग्रीको थोक मुद्रास्फीति ४.१४ प्रतिशतले घटेको छ ।

■■■

## पाँच महिनामा...

वैदेशिक रोजगारीबाट आएको रकम उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने ठाउँमा गुजारा चलाउनमै खर्च हुनु विडम्बना भएको राष्ट्र बैंकका एक उच्च अधिकारीले बताए ।

समीक्षा अवधिमा संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति लिएर तीन लाख २५ हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा गएको तथ्यांक छ । वैदेशिक रोजगार विभागका अनुसार यो नयाँ तथा पुनः श्रम स्वीकृति लिने दुवैको संख्या हो । जसमा नयाँ श्रम स्वीकृति लिने एक लाख ९० हजार ३८४ जना र पुनः श्रम स्वीकृति लिने एक लाख ३५ हजार ४२५ जना रहेका छन् । अघिल्लो वर्षको सोही अवधिमा नयाँ एक लाख ७१ हजार ९७५ जना तथा पुनः श्रम स्वीकृति लिने एक लाख दुई हजार ५४२ जना रहेका थिए । पछिल्लो महिना मंसिरमा मात्र श्रम स्वीकृति लिनेको संख्या ८४ हजार २२६ रहेको छ ।

विपिन जोशीको सकुशल मुक्ति प्रयास

# मध्यस्थता गरिदिन कतार र इजिप्टलाई आग्रह

**काठमाडौं (प्रस)**– सरकारले अतिवादी समूह हमासको नियन्त्रणमा रहेका भनिएका नेपाली विद्यार्थी विपिन जोशीको सकुशल रिहाइका लागि मध्यस्थको भूमिका निर्वाह गर्न कतार र इजिप्टसँग पुनः आग्रह गरेको छ ।

सरकारले नेपालका लागि इजिप्ट र कतारका राजदूतमार्फत दुवै देशसँग जोशीको रिहाइका लागि मध्यस्थको भूमिका निर्वाह गर्न पुनःआग्रह गरेको हो । हमासले आफ्नो नियन्त्रणमा रहेकामध्ये ३४ जनालाई रिहा गर्न लागेको समाचार सार्वजनिक भएपछि परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले हमाससँग मध्यस्थता गरिरहेको कतार र इजिप्ट सरकारलाई जोशीको रिहाइका निम्ति पनि प्रयत्न गर्न आग्रह गरेकी हुन् ।

नेपालका लागि इजिप्टका राजदूत नोहा हमदी अहमद एलगेबलीसँग शुक्रबार मन्त्रालयमा भएको भेटमा परराष्ट्रमन्त्री देउवाले इजिप्ट सरकारसमक्ष नेपालको अनुरोध कार्यान्वयनका निम्ति राजदूतमार्फत आग्रह गरिन् । शुक्रबार नै परराष्ट्रमन्त्रीले नेपालका लागि कतारका राजदूत मिसाल मोहम्मद अल अन्सारीसँग पनि फोन सम्पर्क गरी जोशीको रिहाइका लागि मध्यस्थको भूमिका निर्वाह गर्न आग्रह गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ । हाल कतारमा रहेका राजदूत अन्सारीले नेपालको अनुरोधबारे विदेशमन्त्रीसँग परामर्श गर्ने जानकारी दिएका थिए । यसअघि पनि परराष्ट्रमन्त्री देउवाले नेपालका लागि इजरायली राजदूत समुलिक एरी बासमार्फत इजरायल सरकारसँग जोशीको रिहाइका निम्ति आग्रह गरेकी थिइन् ।


## युएइमा रोजगार

कम्पनी : PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 316927 | चलानी नं. ६०२३१२६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 200 | 0 | 800 | २९,९८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ५ गते (18th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

T.G.S. GROUP OF COMPANY PVT. LTD
Dhapashi Height, Krishna Mandir Road, Tokha 1 - Kathmandu, P.O. Box: 8506 Tel: 01 5921011, 5921010
श्रम इजाजत नं. १६९८/०८१/०८२

## युएइमा रोजगार

कम्पनी : GULF CONTRACTORS COMPANY - LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | LT. No.317024 | चलानी नं. ६०२३१२०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 50 | 0 | 800 | २९,९८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ५ गते (18th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866
Permission No. 1676/080/081
INTREPID LEARN ADAPT EVOLVE

## युएइमा रोजगार

कम्पनी : PIVOT ENGINEERING & GENERAL CONTRACTING COMPANY W L L

पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 316923 | चलानी नं. ६०२३११९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A/c Technician | 5 | 0 | 1200 | ४४,९७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 5 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 3 | Electrician General | 25 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 4 | Labour | 50 | 0 | 1000 | ४४,९७९ | | | | | | | |
| 5 | Mason (Plastering/tile Fixing) | 50 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 6 | Painter | 5 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 7 | Plumber | 15 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 8 | Scaffolder | 15 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 9 | Steel Fixer | 25 | 0 | 1200 | ४४,९७९ | | | | | | | |
| 10 | Welder General | 5 | 0 | 1200 | ४४,९७९ | | | | | | | |

कम्पनी : SINYAR AL KHALEEJ CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 316924 | चलानी नं. ६०२३११९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 150 | 0 | 900 | ३३,७३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ५ गते (18th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASIA LINK SERVICES PVT. LTD.
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com
श्रम इजाजत नं ११९/०५५/०५६


## बीमालेख हरायो

मिति २०८१/०८/२१ गते साँखु देखि काठमाण्डौं सम्म आउँदै गर्दा मेरो एलआईसी नेपालबाट जारी मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

नाम: कुमार महर्जन
बीमालेख नं.: ११००१४२१७
फोन नं.: ९८५११५१०८७

## सूचना

'सूचना तथा प्रसारण विभागमा दर्ता नं.४७६/०७४/०७५ मिति २०७४/०६/३० मा दर्ता रहेको **बसुन्धरा सञ्चार प्रा.लि.** द्वारा सञ्चालित www.rastrapukar.com नामक अनलाईन पत्रिका यस कम्पनिबाट हस्तान्तरण हुने हुँदा यस कम्पनिसँग सम्बन्धित कुनै श्रमजीवी पत्रकारको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा मिति २०८१ माघ ११ गते (१५ दिन भित्र) यस कम्पनीको ठेगाना कामपा ३ बसुन्धरा, संचालकको मोबाइल नम्बर.९८१३४२६४८० वा इमेल rastrapukarnews@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै समयमा उजुरी प्राप्त नभएमा प्रक्रिया अगाडी बढाउने व्यहोरा अनुरोध छ ।'

## स्पार्क हाइड्रोइलेक्ट्रिक कम्पनी लिमिटेडको वार्षिक साधारणसभा सम्बन्धी जरुरी सूचना

सूचना प्रकाशित मिति २०८१/०९/२७

स्पार्क हाइड्रोइलेक्ट्रिक कम्पनी लिमिटेडको २४औं र २५औं वार्षिक साधारणसभा यही मिति २०८१ पौष २७ गते बिहान १० बजे रोयल बैंक्वेट तिनकुने काठमाडौंमा आयोजना गर्ने निर्णय गरिएकोमा प्राविधिक कारणले सो साधारणसभा स्थगित गरिएको र उक्त सूचना बमोजिमको साधारणसभा मिति २०८१ साल माघ १२ गते शनिबार बिहान १० बजे सोही स्थान (रोयल बैंक्वेट तिनकुने, काठमाडौं) मा सोही प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न आयोजना गरिने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**सुदिप कुमार चौधरी**
प्रबन्ध सञ्चालक
थप जानकारिको लागिः- का.म.न.पा.३०, ज्ञानेश्वर काठमाडौं ।
सम्पर्क फोन नं. ०१-५९०२४८४
वेवसाईडः www.sparkhydro.com इमेलः info@sparkhydro.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/२७**

**सिनिक माउन्टेन ट्रान्सपोर्ट प्रा.लि.**को मिति २०८१/०८/०७ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सिनिक चाटर्स सर्भिस प्रा.लि. (प्रा.लि. नं.: ६७८४८)** कायम गर्ने गरी मिति २०८१/०८/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०५/०४ मा दर्ता भएको **प्रा.लि. नं. १९६५५४/०७५/०७६** को **एज फेशन प्रा.लि.** को मिति २०८१/०९/२६ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शनिबार, २७ पुस, २०८१

| | |
|---|---|
| **मेष** | सुखद् समाचारले उत्साह जगाउन छ । |
| **वृष** | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| **मिथुन** | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| **कर्कट** | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| **सिंह** | दिगो कामको जग बसाउन सकिने छ । |
| **कन्या** | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| **तुला** | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| **वृश्चिक** | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| **धनु** | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| **मकर** | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| **कुम्भ** | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| **मीन** | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२७ पुस, २०८१ (११ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३७.०६ | १३७.६६ |
| युरो | १ को | १४१.१८ | १४१.८० |
| पाउन्ड स्टर्लिङ | १ को | १६८.३९ | १६९.१२ |
| स्विस फ्रैन्क | १ को | १५०.२२ | १५०.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८४.९३ | ८५.३० |
| क्यानाडियन डलर | १ को | ९५.२४ | ९५.६६ |
| सिङ्गापुर डलर | १ को | १००.१३ | १००.५७ |
| जापानी येन | १० को | ८.६८ | ८.७२ |
| चिनियाँ युआन | १ को | १८.६९ | १८.७७ |
| साउदी अरब रियाल | १ को | ३६.५१ | ३६.६७ |
| कतारी रियाल | १ को | ३७.५९ | ३७.७६ |
| थाई भाट | १ को | ३.९६ | ३.९८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३२ | ३७.४८ |
| मलेसियन रिङ्गेट | १ को | ३०.४४ | ३०.५७ |
| दक्षिण कोरियन वन | १०० को | ९.३८ | ९.४२ |
| स्विडिस क्रोनर | १ को | १२.२९ | १२.३४ |
| डेनिस क्रोनर | १ को | १८.९२ | १९.०० |
| हङकङ डलर | १ को | १७.६२ | १७.६९ |
| कुवेती दिनार | १ को | ४४४.४३ | ४४६.३८ |
| बहराइन दिनार | १ को | ३६३.५६ | ३६५.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

बढ्दो मानव-हात्ती द्वन्द्व

# २० वर्षमा २७४ जनाको मृत्यु



■ भीष्मराज ओझा

**काठमाडौं–** पछिल्लो समय वन्यजन्तुको संख्यामा वृद्धि तथा बासस्थानमा भएको क्षयीकरण एवं संकुचनले गर्दा वन्यजन्तु आफ्नो बासस्थान छाडी गाउँबस्तीमा पस्ने गरेका छन् । यसबाट संरक्षित क्षेत्रभित्र तथा यसको वरिपरि बसोबास गर्ने समुदायको वन्यजन्तुबाट मानवीय तथा आर्थिक क्षति हुँदै आएको छ ।

हात्ती, बाघ, गैंडा, हिउँ चितुवा, हिमाली कालो भालु, काठे भालु, बाँदरलगायत वन्यजन्तुको आक्रमणबाट मानवीय क्षति (मृत्यु तथा घाइते) बालीनाली, घर, गोठको क्षति हुने गरेको छ । यो अवस्थामा मानव-वन्यजन्तु द्वन्द्व एक टड्कारो समस्याका रूपमा बढ्दै गएको छ । आर्थिक वर्ष २०७९/८० मा मात्र नेपालभर वन्यजन्तुबाट मृत्यु हुने मानिसको संख्या ३९, सामान्य घाइते संख्या ७२ र सख्त घाइते हुनेको संख्या १२४, घरगोठको क्षति ५३१ रहेको छ । वन तथा वातावरण मन्त्रालयको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार सबैभन्दा बढी हात्ती र त्यसपछि बाघको आक्रमणबाट मानिसको मन्त्यु हुने गरेको तथ्यांक छ ।

विगत २० वर्षमा मात्रै नेपालमा ११ हजारभन्दा बढी मानव-हात्ती द्वन्द्वका घटना रेकर्ड गरिएका छन् । यी घटनामा २७४ जनाको मृत्यु भएको छ भने १३८ जना घाइते भएका देखिन्छ । विशेषगरी झापालगायत पूर्वी क्षेत्रमा मानव-हात्ती द्वन्द्व ठूलो समस्यामा रूपमा देखिएपछि वन मन्त्रालयले प्राथमिकता दिएर न्यूनीकरणका लागि विभिन्न कार्यक्रमसमेत गर्दै आएको छ ।

मंगलबार मात्रै वनमन्त्री ऐनबहादुर शाही ठकुरीले झापा पुगेर मानव-हात्ती द्वन्द्व समाधानका लागि छुट्टै कार्यविधि ल्याउने बताए । सुदूरपूर्वी झापाको हात्ती प्रभावित क्षेत्र मेचीनगरमा सरोकारवालाले बुझाएको मागपत्र ग्रहण गर्दै उनले मानव-हात्ती द्वन्द्वबाट उत्पन्न समस्या समाधानका लागि छुट्टै कार्यविधि बनाइने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले कानुनी बाधा अड्चन फुकाएर भए पनि स्थानीय प्रभावित समुदायका माग र सुझावलाई कार्यान्वयन गर्ने उल्लेख गरेका छन् । सोही कार्यक्रममा झापा निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य एवं नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मासहित सर्वपक्षीय छलफल गरी मानव-हात्ती द्वन्द्व समाधानका लागि १४ बुँदे साझा निष्कर्षसमेत निकालिएको थियो ।

महामन्त्री शर्माले झापामा हात्ती प्रभावित क्षेत्रका जनप्रतिनिधि र सरोकारवालाबीच पहिलो पटक साझा धारणा बनेको उल्लेख गर्दै मानव र हात्तीबीच सहअस्तित्व कायम गरेर समस्याको समाधान खोज्न सरकारलाई ध्यानाकर्षण गराएका थिए । मन्त्री ठकुरीसहितको टोलीले मेचीनगरको बाहुनडाँगीस्थित भारतबाट हात्ती प्रवेश गर्ने सीमावर्ती क्षेत्र र स्थानीय सामुदायिक वनको निरीक्षणसमेत गरेको थियो ।

**हात्ती, बाघ, गैंडा, हिउँ चितुवा, हिमाली कालो भालु, काठे भालु, बाँदरलगायत वन्यजन्तुको आक्रमणबाट मानवीय क्षति (मृत्यु तथा घाइते) बालीनाली, घर, गोठको क्षति हुने गरेको छ । यो अवस्थामा मानव-वन्यजन्तु द्वन्द्व एक टड्कारो समस्याका रूपमा बढ्दै गएको छ ।**

### हात्ती रोक्न ९२ किलोमिटर विद्युतीय तारबार

मानव-हात्ती द्वन्द्वलाई कम गर्न सरकारले केही महत्त्वपूर्ण कदम चालेकोसमेत छ । विभागका अनुसार आर्थिक वर्ष २०७१/७२ देखि हालसम्म झापामा करिब ९२ किलोमिटर विद्युतीय तारबार जडान गरिएको छ । यस कार्यमा करिब ११ करोड रूपैयाँ खर्च भएको छ । त्यस्तै मानव-हात्ती सहअस्तित्व बलियो बनाउने सचेतना कार्यक्रम पनि सञ्चालन गरेको विभागका महानिर्देशक डा. रामचन्द्र कँडेलले जानकारी दिए ।

मानव-हात्ती द्वन्द्व कम गर्न लगाएको तारबारको उचित मर्मत सुधार गरी हात्तीलाई बस्तीमा पस्नबाट रोक्ने, अतिप्रभावित क्षेत्रमा थप विद्युतीय तारबार गर्नुपर्ने, हात्ती धपाउनका लागि आवश्यक पर्ने उचित गाडी, ट्र्याक्टरको व्यवस्था गर्नुपर्ने, समस्याग्रस्त हात्तीको पहिचानगरी र तीनको व्यवस्थापन गर्नुपर्ने उनको सुझाव छ । त्यस्तै हात्ती पर्यटनमा जोड दिने, हात्तीले नखाने चिया, कागती, ल्वाङ, सुपारी, बेसार आदिको खेतीपाती प्रणालीको सुरू गर्ने, पीडितलाई आर्थिक सहुलियत दिनुपर्ने महानिर्देशक डा. कँडेलले बताए ।

विश्वमा दुई प्रजातिका हात्ती पाइन्छन् । एसियाली र अफ्रिकी हात्ती । एसियाली हात्ती नेपाल, भारत, भुटानलगायत १३ राष्ट्रमा पाइन्छन् । र तिनको संख्या हाल करिब ५० हजारको हाराहारीमा रहेको बताइन्छ । विश्व संरक्षण संघले हात्तीलाई संकटापन्न प्रजातिको सूचीमा राखेको छ । नेपालले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत हात्तीलाई अनुसूची-१ मा राखेर यसको संरक्षणमा विशेष ध्यान दिइएको छ ।

चुरे तराई क्षेत्रको करिब १३ हजार वर्ग किलोमिटर क्षेत्र हात्तीको बासस्थानका लागि उपयुक्त मानिन्छ । यद्यपि, विगत ९० वर्षमा करिब २२ प्रतिशत बासस्थान विनास भएको तथ्यले यो क्षेत्र हात्तीका लागि कम सुरक्षित हुँदै गएको बताइएको छ । मानव र हात्ती दुवैलाई पर्ने क्षतिलाई कम गर्न सरकारले विभिन्न पहलहरू गर्दै आएको छ ।

हात्तीकै विषयमा विद्यावारिधि गरेका बर्दिया राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा. अशोक रामका अनुसार तराईका रूपन्देही र पश्चिमी नवलपरासीबाहेक सबै जिल्लामा हात्ती पाइन्छ । 'परापूर्वकालदेखि नै हात्तीको ओहोरदोहर गर्ने हात्तीमार्गमा हाल बस्ती र खेती भएकाले त्यस्ता स्थानमा बेलाबेलामा हात्तीसँग मानिसको द्वन्द्व हुने गर्छ । साथै मानिस र हात्तीले एउटै बासस्थान र आहार प्रयोग गर्ने गरेकाले पनि यो समस्या देखिएको हो,' डा. रामले भने । बासस्थान विनास हुनु र खण्डीकरण हुनु मानव-हात्ती द्वन्द्वको मुख्य कारण बनेको उनको भनाइ छ ।

बढ्दो मानव-हात्ती द्वन्द्व र कतिपय स्थानमा मानवबस्ती सुरक्षाका लागि भनेर राखिएका तारबाट करेन्ट लागेर हात्ती मर्ने गरेका छन् । त्यस्तै बासस्थानको क्षयीकरण र अतिक्रमण, हात्तीमार्गमा मानवबस्ती विस्तार, पूर्वाधार विकास निर्माणका कारण चोरी सिकार मुख्य चुनौती देखिएका छन् ।

### जंगली हात्ती ५००, निजी हात्ती १७०

वरिष्ठ संरक्षण अधिकृत डा. रामका अनुसार सन् २०२० को गणनाअनुसार नेपालमा जंगली रैथाने करिब २२७, (हाल झापामा पश्चिम बंगालबाट आई स्थायीरूपमा बस्न थालेका ५० थप) हात्ती रहेका छन् । यस्तै भारतबाट सिजनमा झापा र आसपास क्षेत्रमा १००, बर्दियामा ५०, कैलाली र कञ्चनपुरमा ७० को हाराहारीमा जंगली हात्ती आउने र केही समय बसेर जाने गरेको उनले बताए ।

यसबाहेक नेपालमा घरपालुवा १७० (सरकारी ११० र निजी ६०) को संख्यामा हात्ती छन् । हात्तीको गर्भावस्था २२ देखि २४ महिनाको हुन्छ । घरपालुवा हात्ती कोसी टप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा रहेका छन् । चितनवमा हात्तीको प्रजनन केन्द्र सफलरूपमा सञ्चालित छ ।

द्वन्द्वका कारण हुने मानवीय क्षतिलाई सम्बोधन गर्न सरकारले राहत प्रदान गर्ने व्यवस्था गरेको छ । मानव मृत्यु भएमा पीडित परिवारलाई १० लाख रूपैयाँसम्म राहत प्रदान गरिन्छ । गम्भीर घाइते भएमा दुई लाख, सामान्य घाइते भएमा २० हजार र अंगभंग भएमा पाँच लाख रूपैयाँको राहत उपलब्ध गराइन्छ ।

त्यस्तै, घरगोठ क्षतिका लागि २० हजार रूपैयाँ र अन्नबाली क्षतिका लागि १० हजार रूपैयाँ राहत दिने कानुनी प्रावधान छ । झापामा मात्र विगत पाँच वर्षमा ८८४ घटना दर्ता भएका छन्, जसमा सरकारले करिब चार करोड तीन लाख रूपैयाँ राहतस्वरूप वितरण गरेको विभागको तथ्यांक छ ।

हात्ती जमिनमा पाइने सबैभन्दा ठूलो जनावर हो । हात्तीलाई हिन्दू धर्ममा भगवान्का रूपमा पूजा गर्ने गरिन्छ । विश्वका ५० देशमा हात्ती पाइए पनि दुर्लभ र लोपोन्मुख भएकाले नेपालको कानुनअनुसार हात्ती संरक्षित जनावरमा रहेको छ । सरकारले घरपालुवा हात्ती प्रयोग गरेर जंगली हात्ती र अन्य वन्यजन्तुको संरक्षण गर्दै आएको छ भने पर्यटन प्रवर्द्धनमा पनि हात्तीको ठूलो योगदान रहेको छ । *रासस*

# 'आगो बाल्दा वा विद्युतीय उपकरणको प्रयोग गर्दा सावधानी अपनाउनू'



**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आगो बाल्दा वा हिटर तथा गिजरलगायत उपकरण प्रयोग गर्दा सावधानी अपनाउन आग्रह गरेको छ । मन्त्रालयले शुक्रबार एक विज्ञप्ति जारी गरी जाडोयाममा शरीर र कोठालाई न्यानो राख्न आगो ताप्ने, हिटर बाल्ने र गिजरको प्रयोग गरिने हुँदा यस्ता उपकरणहरूको प्रयोगमा आवश्यक सावधानी अपनाउन आग्रह गरेको हो ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'आगो ताप्ने, हिटर बाल्ने वा गिजर आदि उपकरणहरूको प्रयोग गर्दा घरमा हावा सञ्चालन प्रणाली राम्रो नभएमा कोठामा कार्बन मोनोअक्साइड जम्मा हुन सक्छ । कार्बन मोनोअक्साइड गन्ध, रङ र स्वादरहित एक विषाक्त ग्यास हो, जसको सम्पर्कमा लामो समयसम्म रहँदा गम्भीर स्वास्थ्य समस्या हुने वा ज्यान पनि जान सक्दछ ।'

यी उपकरणहरूको प्रयोगमा सावधानी नअपनाउँदा बर्सेनि मृत्यु र अस्पतालमा भर्ना हुने घटनाहरू घटिरहेका छन् । मन्त्रालयले हावा ओहोरदोहोर हुने स्थान वा कोठामा मात्र त्यस्ता उपकरण प्रयोग गर्न, सकेसम्म कोइला आधारित स्रोतबाट आगो नताप्न, आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडाजस्ता छिटो जल्ने सामग्री नजिक नराख्न र आगो तापिसकेपछि त्यसलाई पूर्णरूपमा निभाउनसमेत अनुरोध गरेको छ । 'सुत्नुअघि अनिवार्य रूपमा हिटर निभाउन, गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गर्न, गिजर खोलेर लामो समयसम्म बाथरुममा नबस्नुहुन मन्त्रालय अनुरोध गर्दछ,' विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यी उपकरणको प्रयोग गर्दा टाउको दुख्ने, रिंगटा चल्ने आदिजस्ता लक्षण देखिएमा तुरुन्त झ्याल ढोका खुला गरी हावा ओहोरदोहोर गराउन वा खुला ठाउँमा जान पनि अनुरोध गरिएको छ । लक्षणहरू कम नभएमा वा अझै खराब भएमा अस्पताल गई चिकित्सकको उचित सल्लाह लिन वा मन्त्रालयको 'हेल्लो स्वास्थ्य कल सेन्टर १११५' मा सम्पर्क गरी परामर्श लिन पनि मन्त्रालयले आग्रह गरेको छ ।

# उत्कृष्ट विद्यालय र विद्यार्थी पुरस्कृत

**म्याग्दी (प्रस)–** म्याग्दीको रघुगंगा गाउँपालिकाले उत्कृष्ट सामुदायिक विद्यालय र उत्कृष्ट विद्यार्थीलाई नगदसहित पुरस्कृत गरेको छ । बिहीबार गाउँपालिकाको केन्द्र मौवाफाँटमा आयोजित १८औं गाउँसभामा एसइई परीक्षा २०८० मा गाउँपालिकाभित्रका सामुदायिक विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउने ज्ञानोदय माविलाई एक लाख ५० हजार रूपैयाँसहित सम्मानपत्रद्वारा पुरस्कृत गरिएको हो ।

गत वर्षको एसइईमा नियमिततर्फ ६५ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउँदै पालिकामा पहिलो हुन सफल भएको ज्ञानोदय माविबाट परीक्षामा सहभागी २० विद्यार्थीमध्ये १३ जना विद्यार्थी नियमित रूपमा उत्तीर्ण भएका थिए । यसअघिका दुई वर्षसमेत रघुगंगामा ज्ञानोदय माविले एसइईमा औसत जिपिएका आधारमा पालिकामा उत्कृष्ट नतिजा ल्याउन सफल भएको थियो ।

गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारी, उपाध्यक्ष प्रेमकुमारी पुन, प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीलगायतले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरि सुवेदी र प्रधानध्यापक विजय शर्मालाई नगद र प्रमाणपत्र प्रदान गरेका थिए । गाउँपालिकाले एसइईमा ३.७८ जिपिएसहित उत्तीर्ण हुन सफल रघुगंगा मावि पिप्लेकी छात्रा आशिका भुजेललाई २५ हजार रूपैयाँसहित पुरस्कृत गरेको छ ।

विद्यालय तहको शैक्षिक नतिजामा उत्कृष्ट हुने विद्यालय, विद्यार्थी र शिक्षकलाई समेत सम्मान र पुरस्कृत गर्ने गाउँपालिकाको नीतिअनुरूप गाउँसभाको अवसरमा पुरस्कार प्रदान गरिएको अध्यक्ष भण्डारीले बताए ।

गाउँसभामा उपाध्यक्ष पुनले प्रस्तुत गरेको चालु आर्थिक वर्ष २०८०/८१ का लागि दुई करोड तीन लाख रूपैयाँको संशोधित बजेट स्वीकृत भएको छ । गत असारमा सम्पन्न गाउँसभाले बजेट विनियोजन गरेको तर विविध कारणले कार्यान्वयन हुन नसकेका योजनाको नाम तथा बजेट सभाबाट संशोधन गरिएको गाउँपालिकाले जनाएको छ ।

सभामा गाउँपालिका अध्यक्ष भण्डारीले चालु आवको अर्धवार्षिक समीक्षा प्रस्तुत गर्दै हालसम्म पालिकाले २७ प्रतिशत वित्तीय प्रगति हासिल गरेको जानकारी दिए । सभामा लेखासमितिका सदस्य होमबहादुर परियार, विद्यालय व्यवस्थापन समितिका संयोजक मनबहादुर शेरमञ्जा, सुशासन समितिका संयोजक बलमान गौचन र न्यायिक समितिका संयोजक प्रेमकुमारी पुनले समितिका निर्णय र प्रगति सभामा पेस गरेका थिए ।


**भीमेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चरिकोट दोलखा, बागमती प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

सूचना प्रकाशित मिति : २०८१/०९/२७

यस कार्यालयबाट तपसिल बमोजिमको कार्यका लागि आव्हान गरिएको बोलपत्र सम्बन्धी सूचना बमोजिम e-Bid मार्फत रीतपूर्बक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक पक्षको मूल्यांकन गर्दा देहाय बमोजिमको बोलपत्रदाताहरु Bid Document बमोजिम सफल देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज को उपनियम ५ बमोजिम मिति २०८१/१०/०६ गते दिनको १:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | प्राविधिक पक्षको मूल्यांकनमा सफल बोलपत्रदाताहरु | |
|---|---|---|---|---|
| 1. | BMP/NCB/WORKS/2081-82/E/02 | Balgriha-Tikhatal Sadak 2, 3 and 4 | 1.GSC ShreeKrishna Nirman Sewa Pvt. Ltd.<br>2. Reliance Builders and Suppliers Pvt. Ltd.<br>3. RR Kasturi JV | 4. Durpana-L.G J/V<br>5. Aakash Nirman Sewa |

**धरान उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धरान, सुनसरी, कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०८१/०९/२७ गते

यस कार्यालयद्वारा २०८१/०८/१९ गते प्रकाशित गरिएको तल उल्लेख भएको निर्माण कार्यका लागि तपसिल बमोजिम ठेक्काको सूचनामा उल्लेखित अन्तिम मितिभित्र पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन हँदा न्यूनतम मूल्याङ्कन सारभूत रूपमा प्रभावग्राही बोलपत्र स्वीकृतीका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) वमोजिमको प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयपत्रको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | योजनाको नाम | बोलपत्र खरिद नं. | कबोल अंक भ्याटबाहेक PS सहित रु. | निर्माण व्यवसायीको नाम र ठेगाना |
|---|---|---|---|---|
| १. | Construction of Vegetable Market (Sheds) at Adarsha Marga, Dharan-18 | 08/DHARAN/WORKS/NCB/081/82 | ५६,३४,०६५।०० | श्री न्यू थापा निर्माण सेवा, धरान-१८ |

सुदूरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
**पथरैया मोहना सिंचाइ व्यवस्थापन कार्यालय**
धनगढी, कैलाली

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति: २०८१।०९।२७

यस कार्यालयबाट मिति २०८१।०८।१० गते प्रकाशित सूचना अनुसार तपशिलका निर्माण व्यावसायिको बोलपत्र न्युनतम मुल्यांकित सारभुतमा प्रवाहग्राही भई स्विकृतिका लागि सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो बोलपत्र स्वकृती सम्बन्धी ७ (सात) दिने आशयको सूचना सम्वन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.स | ठेक्का न. | छनौट भएका बोलपत्र दाताको नाम, ठेगाना | कबोल अंक रु (भ्याट बाहेक) |
|---|---|---|---|
| १ | PMIMO/NCB/WORKS/01/2081-082 | Rohit-Gramin /JV Gulariya,Bardiya | १२५३६८२८।६० |

कार्यालय प्रमुख

# भक्तपुर-नगरकोट सडक ११ वर्षसम्म अधुरै

## पटक-पटक म्याद थप, अन्ततः ठेक्का रद्द




**रमेश गिरी / भक्तपुर**

भक्तपुरको प्रमुख पर्यटकीय गन्तव्य नगरकोट जाने मुख्य सडक ११ वर्षसम्म पनि निर्माण सम्पन्न हुन सकेन । सडक निर्माणको माग गर्दै स्थानीयले पटक-पटक आन्दोलन गरे । सरकारले पटक-पटक म्याद थप गरेर सहजीकरण गरे पनि काम हुने अवस्था नदेखिएपछि अन्ततः सरकारले भक्तपुर-नगरकोट-सिपाघाट सडकको ठेक्का सम्झौता रद्द गरेको छ ।

पटक-पटक म्याद थप गर्ने तर ठेकेदारबाट बारम्बार सम्झौता उल्लंघन हुन थालेपछि उक्त सडक स्तरोन्नति परियोजनाका लागि विकास परियोजना निर्देशनालयसँगको संयुक्त सम्झौता सरकारले रद्द गरेको हो । निर्देशनालयले ठेक्का सम्झौता रद्द गर्न यसअघि पनि पटक-पटक सूचना जारी गरेको थियो । त्यसताका अन्तिममा म्याद थप हुने गरेको थियो । सरकारले अन्तिमपटक मंसिर मसान्तसम्म निर्माण सम्पन्न गरेर हस्तान्तरण गर्ने गरी १०औं पटक म्याद थप गरे पनि कम्पनीले सोअनुसार कुनै प्रगति गरेन । गत साता निर्देशनालयले ठेक्का सम्झौता रद्द गर्नु नपर्ने कारणसहित सातदिने स्पष्टीकरण माग गरेको थियो ।

निर्देशनालयका भक्तपुर नगरकोट सडक निर्माण आयोजना प्रमुख मेघराज मरासिनीले गत बुधबार सरकारका तर्फबाट ठेक्का सम्झौता रद्द गरेको जानकारी दिए । उनले भने, 'भक्तपुर-नगरकोट सडकको ठेक्का सम्झौता रद्द भएको छ । अब निर्माण कम्पनीले सम्झौताअनुसारको गर्नुपर्ने काम कति बाँकी छ त्यसको अनुगमन एवं मूल्यांकन हुने छ । त्यसपछि निर्माण कम्पनीसँग सोही मूल्यांकनको आधारमा जरिवाना लगाउने र सडकको बाँकी काम कसरी गर्ने भन्नेबारेमा छलफल गरेर अगाडि बढ्छ ।'

एक्जिम बैंक इन्डियाको ऋण सहयोगमा नेपाल सरकारसँग वि.सं. २०७३ असार ३ गतेसम्म सम्पन्न गर्नेगरी २०७१ जेठ २२ गते सैलुङ कन्स्ट्रक्सन र भारतीय कम्पनी अराभली इन्फ्रापावर लिमिटेडले संयुक्त निर्माण गर्नेगरी २७ करोड रूपैयाँमा ठेक्का सम्झौता भएको थियो । सडकको लागत बढेर भ्याटसहित ३१ करोड रूपैयाँ पुऱ्याउँदा पनि निर्माण कम्पनीले विभिन्न बहाना गर्दै सडक निर्माण सम्पन्न गरेको थिएन ।

सडक छिटो सम्पन्न गर्न माग गर्दै चाँगुनाराण नगरपालिका, नगरकोटका होटल एवं पर्यटन व्यवसायी, स्थानीयवासीलगायतले पटक-पटक विरोध गर्दै आएका थिए । यता निर्माण कम्पनी एससिसिपिएल र यसको भारतीय साझेदार एआइपिएलले बिहीबार विज्ञप्ति जारी गर्दै भक्तपुर-नगरकोट-सिपाघाट सडक स्तरोन्नति परियोजनाका लागि विकास परियोजना निर्देशनालयसँगको संयुक्त उद्यम सम्झौता रद्द गरेको जनाएको छ ।

कम्पनीले निर्देशनालयले गरेको बारम्बारका गल्तीहरू समाधान गर्न असफल भएको र गत २०८० असोज ९ गते प्रमाणित गरिएको आइपिसी-१४ भुक्तानी अहिलेसम्म नदिइएकाले परियोजनाको वित्तीय अवस्थामा गम्भीर असर पर्न गएकाले रद्द गर्नुपरेको जनाएको छ ।

सडक निर्माणको ठेक्का सम्झौता रद्द भएपछि यहाँका सरोकारवाला भने खुसी भएका छन् । चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्रीले सैलुङ कन्स्ट्रक्सनले ११ वर्ष लाग्दासमेत सडक निर्माण सम्पन्न नगरेर स्थानीयवासीलाई दुःख दिएकामा अब त्यसबाट मुक्ति पाइने आशा व्यक्त गरे । उनले यहाँका पर्यटन व्यवसायीलाई दुःख दिएको अवस्थामा ठेक्का सम्झौता रद्द भएसँगै अब थप काम गर्न बाटो खुलेको बताए ।

नगरपालिकाले २०८२ वैशाखदेखि चैतसम्म एक वर्षे नगरकोट महोत्सव-२०८२ को आयोजना गर्ने घोषणा गरेर सडक निर्माण छिटो सम्पन्न गर्न पटक-पटक दबाब, विरोध एवं आन्दोलन गर्दा पनि बेवास्ता भएपछि महोत्सव नै संकटमा पर्ने डर अब हटेको बताए । उनले नगरकोट महोत्सवलाई दृष्टिगत गर्दै सरकारले सडकको स्तरोन्नति छिटो गर्नुपर्ने बताए । 'चाँगुनारायण नगरपालिकाले आयोजना गर्ने नगरकोट महोत्सव सिंगो देशको महोत्सव हो, यहीँ सडकका कारणले महोत्सवमा समस्या आउने त्रास थियो । अब सरकारले महोत्सव अगाडि नै छिटोभन्दा छिटो सडक स्तरोन्नति गर्नुपर्छ, त्यसका लागि मन्त्रालयसँग पनि समन्वय र छलफलमा बस्छौं,' नगरप्रमुख खत्रीले भने ।

उनले सरकारले पनि उक्त सडक निर्माणमा ढिलाइ गरे चाँगुनारायण नगरपालिका आफैंले बहुवर्षीय आयोजनाअन्तर्गत स्तरोन्नति गर्ने बताए । चाँगुनारायण नगरपालिका-६ का अध्यक्ष धनबहादुर लामाले सडक सम्झौता रद्द हुँदा खुसी हुनुपर्ने बेला आएको भन्दै नगरकोट महोत्सवलाई सफल पार्न सरकारले सडक स्तरोन्नतिमा चासो दिनुपर्ने बताए ।

> भक्तपुर-नगरकोट सडकको ठेक्का सम्झौता रद्द भएको छ । अब निर्माण कम्पनीले सम्झौतानुसारको गर्नुपर्ने काम कति बाँकी छ त्यसको अनुगमन एवं मूल्यांकन हुने छ । त्यसपछि निर्माण कम्पनीसँग सोही मूल्यांकनको आधारमा जरिवाना लगाउने र सडकको बाँकी काम कसरी गर्ने भन्नेबारेमा छलफल गरेर अगाडि बढ्छ ।
>
> **मेघराज मरासिनी**
> **आयोजना प्रमुख**

> सरकार परिवर्तन हुनेबित्तिकै प्रधानमन्त्रीदेखि मन्त्रीलाई भेटेर ज्ञापनपत्र दिने र छिटो निर्माण सम्पन्न गराइदिन माग गर्दै दबाब दिँदा पनि काम भएन । ठेकेदार सरकारभन्दा बलिया हुँदा रैछन् जस्तो लाग्यो ।
>
> **सोम मिश्र**
> **पूर्वप्रमुख, चाँगुनारायण नगरपालिका**

### यस्तो छ सडकको अवस्था

भक्तपुर नगरपालिका-१० कमलविनायक भत्केको पाटीमा सडकभरि खाल्डैखाल्डो । अलिमाथि नेपाली सेनाको खरिपाटी ब्यारेकदेखि चाँगुनारायण नगरपालिका कार्यालय अगाडिसम्म कालोपत्र उप्किएर बनेका खाल्डा उस्तै । त्यसमाथि नेपाली सेनाको ब्यारेक क्षेत्रमा पर्ने घुमाउनेमा बाटो नै खस्नेगरी चर्किएको सडक, नगरकोटसम्म खाल्डोभरि जमेको पानी, कतै हिलाम्मे त कतै धुलाम्मे । दश वर्षअगाडि निर्माण सुरु भएर अझैसम्म सम्पन्न नहुँदा पटक-पटक चर्चामा आइरहने 'भक्तपुर-नगरकोट सडक'को दृश्य हो यो । कमलविनायकदेखि नगरकोटसम्म देखिएको सडकको दुरावस्था, ठाउँठाउँमा चर्किएर पहिरोको त्रास ।

समयमै सडक निर्माण नहुँदा खेप्नु परेको सास्ती कम दर्दनाक छैन । दुर्घटनामा ज्यान गुमाउने, वर्षायाममा सडकको हिलोपानी घरभित्र पस्ने, हिउँदमा धुलैधुलोका कारण बेहोर्नै स्वास्थ्य समस्याले सडक आसपासका बासिन्दाको दैनिकी कठिन छ । विशेषगरी भक्तपुर भत्केकोपाटीदेखि नगरकोटसम्मको १५.६ किलोमिटर सडक क्षेत्रको अवस्था निकै समस्याग्रस्त छ ।

### अनुगमनमाथि अनुगमन

भक्तपुर नगरकोट सडकको प्रगतिबारे जान्न भक्तपुरका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको नेतृत्वमा राजनीतिक दलका प्रतिनिधि, स्थानीय जनप्रतिनिधिसहितको टोलीले हालै यहाँको अवस्था अनुगमन गरेको छ । टोलीले सडक निर्माणमा गुणस्तरहीन काम भएको निष्कर्ष निकालेको छ ।

त्यसो त यसअघि २०७९ फागुन १८ गते तत्कालीन उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले उक्त सडकको अनुगमनपछि फागुन महिनाभित्र सडक निर्माण नसके कारबाही र ठेक्का रद्द गरिने बताएका थिए । त्यसअघि २०७८ कात्तिक २८ गते तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवले सडकको अनुगमन गरी दुई महिनाभित्रमा निर्माण सम्पन्न नभए ठेक्का रद्द गरेर कम्पनीलाई कारबाही गर्ने प्रतिबद्धता जनाएकी थिइन् । मन्त्रीद्वय श्रेष्ठ र यादवले अनुगमन गर्दा स्थानीयले सडकमै सुतेर र सडकमै घेराबन्दी गरेर अवरोध गरेका थिए । त्यसअघि २०७६ साउन १३ गते तत्कालीन प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिले अनुगमन गरी सन् २०२० को नेपाल भ्रमण वर्ष अगावै सडक कालोपत्र सम्पन्न गर्न निर्देशन दिएको थियो ।

२०७६ मंसिर ४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनलगत्तै प्रधानमन्त्री कार्यालयका सहसचिव यामलाल भुसाल संयोजकत्वको टोली, त्यसपछि तत्कालीन भौतिक योजनामन्त्री वसन्त नेम्वाङ, तत्कालीन मन्त्री एवं सांसद महेश बस्नेत, चाँगुनारायण नगरपालिकाका तत्कालीन प्रमुख सोमप्रसाद मिश्रसहितको टोली, वर्तमान नगरप्रमुख खत्री, उपप्रमुख रमेश बुढाथोकीसहितको टोलीले पटक-पटक यस सडकको अनुगमन गर्दै छिटो निर्माण सम्पन्न गराउन दबाब दिँदै आएका थिए ।

### प्रधानमन्त्रीकै निर्देशन मानेन निर्माण कम्पनीले

सडक निर्माण सुरु भएपछि चाँगुनारायण नगरपालिकाका तत्कालीन नगरप्रमुख सोम मिश्रदेखि वर्तमान नगरप्रमुख जीवन खत्रीसम्मको नेतृत्वमा गएको टोलीले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल, तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा तथा यसअघि प्रधानमन्त्री भएका बखत हालका प्रधानमन्त्री केपी शर्मा ओलीलाई समेत भेट गरी सडक छिटो निर्माणका लागि ध्यानाकर्षण गराएका थिए ।

पूर्वनगरप्रमुख मिश्र भन्छन्, 'सरकार परिवर्तन हुनेबित्तिकै प्रधानमन्त्रीदेखि मन्त्रीलाई भेटेर ज्ञापनपत्र दिने र छिटो निर्माण सम्पन्न गराइदिन माग गर्दै दबाब दिँदा पनि काम भएन । ठेकेदार सरकारभन्दा बलिया हुँदा रैछन् जस्तो लाग्यो ।' त्यसो त वि.सं. २०७८ मा बागमती प्रदेशका तत्कालीन भौतिक योजनामन्त्री कृष्णलाल भँडेल, नेकपा माओवादी केन्द्रका केन्द्रीय नेता डिपी ढकालले माओवादी केन्द्रका अध्यक्ष दाहालसँग तत्कालीन नेपाल कम्युनिस्ट पार्टी भक्तपुरले तत्कालीन भौतिक योजनामन्त्री वसन्त नेम्वाङसँग र नगरपालिका प्रमुख खत्री, माओवादी केन्द्रका स्थानीय नेतासहितले भेटेर काम सम्पन्न गर्न सहजीकरणका लागि आग्रह गरेका थिए । सबैबाट आश्वासन पाए पनि कामले भने गति लिएन ।

स्थानीयले सडक अवरुद्ध गर्ने, ठेकेदार शारदाप्रसाद अधिकारीको तस्बिर व्यंग्य गर्दै सार्वजनिक सवारीसाधन र सडकको भित्ता भित्तामा टाँस्ने, चाँगुनारायण नगरपालिका-६ र ७ का वडाध्यक्षले २०७९ साल असार १७ देखि १९ गतेसम्म सडकमै कार्यालय सञ्चालन गर्ने, नगरकोटका पर्यटन व्यवसायीले सडक अवरुद्ध गर्नेजस्ता क्रियापलाप गरेर दबाब बढाउँदै आएका छन् । *रासस*

# सूर्योदय र सूर्यास्त अवलोकनको आकर्षक गन्तव्य बन्दै कोरीडाँडा

**वासुदेव पौडेल / गण्डकी**



कास्कीको मादी गाउँपालिका-१ स्थित कोरी आँखै अगाडि लमजुङ माछापुच्छ्रे, अन्नपूर्ण दोस्रो र चौथो, थ्रि सिस्टर आदि हिमाललाई नजिकबाट नियाल्न सकिने गन्तव्य हो । पर्यटकीय गाउँ सिक्लेसबाट हुगु हुँदै नौलाखर्क, नौटा हुँदै करिब नौ घण्टा उकालो यात्रा गरेपछि समुद्री सतहबाट तीन हजार ८५० मिटर उचाइमा रहेको कोरीडाँडा पुगिन्छ । यो पदयात्राका क्रममा पर्यटकले अन्नपूर्ण र लमजुङ हिमालबाट समयसमयमा खस्ने हिउँपहिरो अवलोकन गर्दै जंगल, परम्परागत गोठ हुँदै उकालो चढ्ने होटल आइसफलका सञ्चालक पर्यटन व्यवसायी कृष्ण गुरुङले बताए ।

सिक्लेसदेखि तासा हुँदै कोरी पुग्ने अर्को पदमार्गसमेत रहेको छ । हुगुमा बिहानको खाजा खाएर हिँडेका पर्यटक दिउँसोको खाना खान नौटाखर्क पुग्छन् । यहाँ चिया पसल छ । कोरी सूर्योदय र सूर्यास्त हेर्ने उपयुक्त गन्तव्यसमेत रहेको उनको भनाइ छ । कोरी जाने मार्गमा रहेको पाखामा गुराँसैगुराँसको जंगल छ । वसन्तयाममा यहाँ रंगिएर मनमोहक बन्छ भने जेठतिर खर्कहरूमा फुल्ने मनमोहक फूलले जोकोहीलाई लोभ्याउने गरेको छ ।

प्राचीनकालमा कोरी सिक्लेस हुँदै मनाङ र लमजुङ जाने परम्परागत मार्ग प्रचलनमा रहँदा बटुवाहरू बास बस्ने थलो र गोठालाको खर्क थियो । नुन लिन जाने मार्गका रूपमा पनि यसले चासो र चर्चा कमाएको थियो । हाल चारवटा होटल रहेको कोरीमा पछिल्लो समय हाइकिङ र बिदामा घुमघामका लागि आन्तरिक पर्यटक आउने क्रम निकै बढिरहेको होटल व्यवसायी होम गुरुङले बताए ।

'कोरी हिमाललाई जरोदेखि टुप्पैसम्म एकसाथ अवलोकन गर्न पाउने गन्तव्य हो,' उनले भने, 'पदयात्राका क्रममा ठाडो उकालोका कारण थकित बनेका पदयात्रीलाई यहाँ आइसकेपछि देखिने दृश्यले सबै थकान बिर्साउने गरेको छ ।' सिक्लेसबाट तसाहुँदै कोरी पुगेका पर्यटक पुरानै बाटो, नौटा हुगु-कपुचे-हुगु-सिक्लेस, ठूलो लेक-गुरुङ देउराली-तिमाङ, ठूलो लेक-क्होलासोथार-करापुडाडा-याङजाकोट अथवा ताङतिङ भएर यात्रा गर्ने विकल्प छ ।

कपुचे हिमतालसँगै कोरी, क्होलासोँथर र करापुडाँडालाई समेटिएकाले यो पदमार्गलाई 'फोरके ट्रेक'का रूपमा समेत लिन सकिने पर्यटन व्यवसायीहरू बताउँछन् । कोरीको पदयात्रामा जाने पर्यटक पोखराबाट ४१ किलोमिटर दूरीमा रहेको पर्यटकीय गाउँ सिक्लेसबाट त्यसतर्फको यात्रा सुरु गर्दछन् ।

सिक्लेसमा आएका पर्यटकले यहाँस्थित गुरुङ संग्रहालय, शान्ति स्मारक, सिक्लेस पार्क, हिमालको दृश्यावलोकन, गुरुङ जातिको मन्दिर, मौलिक संस्कृति, वेशभूषा, झाँकी आदिको अवलोकन गर्न पाउने मादी-१ का वडाध्यक्ष देवीजंग गुरुङले बताए । कोरीको पर्यटकीय सम्भावनालाई उजागर गर्न मादी गाउँपालिकाले प्राथमिकतामा राखेको उनले जानकारी दिए । उनका अनुसार यहाँको पुरुयुमबाट कोरीसम्म केबुलकार सञ्चालन गर्नका लागि सम्भाव्यता अध्ययनसँगै सार्वजनिक सुनुवाइसमेत भइसकेको छ ।

सिक्लेसबाट अन्नपूर्ण हिमालको काँखमा समुद्री सतहबाट दुई हजार ४२१ मिटर उचाइमा रहेको कपुचे ताल अवलोकन गर्दै कपुचेमा नै बस्ने वा हुगुमा आएर बस्ने विकल्प छ । त्यहाँबाट पर्यटक कोरीतर्फको यात्रा तय गर्ने उनले जानकारी दिए । कोरीबाट छ हजार ९८८ मिटर उचाइको लमजुङ हिमाल, सात हजार ९३७ मिटर उचाइको अन्नपूर्ण दोस्रो, छ हजार ९९३ मिटर उचाइको माछापुच्छ्रे हिमाल र आठ हजार १५६ मिटर उचाइको मनास्लु हिमाल आँखै अगाडि देख्न सकिन्छ ।

कोरी पदयात्रासँगै हिमाल अवलोकनको उपयुक्त गन्तव्य रहेको बताउने पर्यटक पथप्रदर्शक गंगा घले आफूले यस पदमार्गमा धेरै पर्यटकको समूहलाई लिएर आइसकेको बताए । 'यहाँ आइसकेपछि जोकोही पर्यटक हिमालसहितको मनोरम दृश्य देखेर रमाउने गरेका छन्,' उनले भने, 'जरैदेखि टुप्पोसम्म एकसाथ हिमाललाई नियाल्न पाउनु नै यहाँको प्रमुख विशेषता हो ।'

करिब १० वर्ष अघिसम्म सेताम्य हुने हिमाल अहिले भने खुइलिएको देख्दा आफूलाई धेरै चिन्तित बनाएको बताउँदै उनले पहिला सेताम्य हिमाल देखेर गएका विदेशी पर्यटक दोहोऱ्याएर आउने क्रममा हिमाल खुइलिएको देख्दा चिन्ताले रुने गरेको अनुभव सुनाए । 'पहिले यहाँबाट देखिने सेताम्य हिमालमा अहिले हिउँ नै छैन,' उनले भने, 'पछिल्लो १० वर्षयता हिमाली क्षेत्रमा तापमान वृद्धिको धेरै असर परिसकेको छ ।'

हिमाललाई बचाउने नसके हाम्रो पर्यटनमा पनि गम्भीर असर पर्ने बताउँदै उनले जथाभावी प्लास्टिकजन्य वस्तु नजलाउन र वातावरण प्रदूषण हुने कुनै किसिमका गतिवधि नगर्न सुझाए । कोरीडाँडासहित यस क्षेत्रको पदयात्रा प्रवर्द्धन गर्ने उद्देश्यका साथ गुरुङ पर्यटन व्यवसायी संघ गण्डकी प्रदेशले गुरुङ सम्पदा पदमार्गका रूपमा यहाँको प्रवर्द्धन र विकासलाई जोड दिएको संघका संस्थापक अध्यक्ष बोबरजंग गुरुङले बताए ।

संघको आयोजना एवं नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालय र मादी गाउँपालिकाको सहयोगमा पुसको दोस्रो साता सिक्लेसबाट कपुचे, कोरी, क्होलासोथार, कर्पुडाँडाहुँदै याङ्जाकोटसम्मको पदयात्रा सम्पन्न गरिएको कार्यक्रम संयोजकसमेत रहेका उनले बताए ।

प्रवर्द्धनात्मक कार्यक्रममा अवसरमा कोरी र त्यहाँको पर्यटकीय सम्भावना, आवश्यकता आदिबारे स्थलगत पहिचान गरिएको बताउँदै उनले त्यहाँ विद्युत्, खानेपानी, सञ्चारलगायत अत्यावश्यकीय पूर्वाधार विकास गर्नुपर्ने देखिएको बताए । 'कोरीमा पर्यटकीय आकर्षण बढ्दो छ,' उनले भने, 'राज्यले उक्त स्थानमा तत्काल बिजुली, खानेपानीका साथै सञ्चार सुविधा पुग्नेगरी व्यवस्था गरिनु अपरिहार्य देखिएको छ ।' *रासस*



**मुसहरबस्तीमा न्यानो** | सर्लाहीको हरिपुर नगरपालिका–६ लक्ष्मीपुरको मुसहरबस्तीका विपन्न परिवारलाई चिसोबाट बच्न दाउरा वितरण तथा आगो बाल्दै नेपाली सेनाको टोली ।
*तस्बिरः विश्वनाथ ठाकुर/रासस*

टीकापुर जग्गा अनियमितता प्रकरण

# नगर विकास समिति अध्यक्ष जोशी ८७ जना दोषी ठहर

■ प्रभाव संवाददाता

**काठमाडौं–** विशेष अदालत काठमाडौंले टीकापुर जग्गा अनियमितता प्रकरणमा ८७ जनालाई दोषी ठहर गरेको छ । विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर र सदस्यहरू तेजनारायणसिंह राई र रितेन्द्र थापाको इजलासले बिहीबार उक्त फैसला गरेको हो । दोषी ठहर हुनेहरूमा टीकापुर नगर विकास समितिका अध्यक्ष नेत्रप्रसाद जोशी, उपसमिति संयोजक गणेशसिंह रावललाई एक वर्ष छ महिना कैद फैसला गरेको छ ।

विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीका अनुसार जग्गा किन्ने ११७ जनामध्ये ८७ जनालाई दोषी ठहर गर्दै तीन महिना कैद र जरिवाना हुने फैसला गरेको छ । उक्त जग्गा सबै नगर विकास समितिको नाममा हुने ठहर गरेको छ। केशरबहादुर कुँवर र राजु आचार्यले सफाइ पाएका छन् ।

अदालतले दोषी ठहर गरेका सबैलाई डेढ महिना कैद र रू १३ लाख सात हजार जरिवाना हुने फैसला गरेको हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गत माघमा कैलालीको टीकापुर नगर विकास समितिको जग्गा अनियमित ढंगले व्यक्तिलाई बाँडेको आरोपमा मुद्दा दायर गरेको थियो ।

अदालतले टीकापुरको सरकारी जग्गा गैरकानुनीरूपमा व्यक्तिका नाममा दर्ता गराएकाहरूको जग्गा जफत हुने र नगर विकास समितिको हुने ठहर गरेको छ । 'ती जग्गा एवं तह-तह हक हस्तान्तरण भई हाल प्रतिवादी कायम गरिएका जो-जसको नाउँमा रहेको छ, उक्त जग्गासमेत जफत भई टीकापुर विकास समितिकै नाममा कायम हुने ठहर्छ,' फैसलामा भनिएको छ, 'जग्गा जफत भएका प्रतिवादीहरूले जग्गा खरिद गर्दा तिरे-बुझाएको रकम कानुनबमोजिम सम्बन्धित बिक्रीकर्तासँग दाबी गरी लिन पाउने नै हुँदा सोतर्फ थप केही बोलिरहनु परेन ।'

अख्तियारले नक्कली रसिद बनाई गलत ढंगले सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरेको आरोपमा उक्त समितिका अध्यक्ष, पदाधिकारी, कर्मचारी र जग्गा पाउने व्यक्तिविरूद्ध मुद्दा दायर गरेको थियो ।

# छ दशकदेखि सल्यान–बाँके जोड्ने बिपीमार्ग ओझेलमा

'बिपी प्रधानमन्त्री हुँदा सुरु गरेको उक्त बाटो ६६ वर्षसम्म बन्न नसकेर ओझेलमा परेको छ । पञ्चायत, बहुदल हुँदै मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा आइपुग्दासमेत त्यसको निर्माण हुन नसक्नु दुर्भाग्य हो ।'

**कर्णाली–** नेपाली कांग्रेस सल्यान र बाँकेका नेताहरूको संयुक्त टोलीले सल्यान-बाँके जोड्ने बिपीमार्ग निर्माणका लागि संयुक्त दबाब दिन पहल थालेका छन् ।

यही पुस २३ र २४ गते पर्न गएको राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका अवसरमा उक्त टोलीले केन्द्र तथा प्रदेश सरकारलाई दबाब दिनका लागि पहल थालेको हो । नेपाली कांग्रेस सल्यान क्षेत्र नं २ का क्षेत्रीय सभापति सुरेश अधिकारीले नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले सुरू गरेको उक्त बाटो अहिलेसम्म निर्माण हुन नसकेपछि सरकारलाई दबाब दिन पहल थालिएको बताए ।

'बिपी प्रधानमन्त्री हुँदा सुरू गरेको उक्त बाटो ६६ वर्षसम्म बन्न नसकेर ओझेलमा परेको छ,' उनले भने, 'पञ्चायत, बहुदल हुँदै मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा आइपुग्दासमेत त्यसको निर्माण हुन नसक्नु दुर्भाग्य हो ।' नेपाली कांग्रेसको संस्थापक सभापति कोइरालाको नामबाट नामकरण गरिएको ऐतिहासिक बिपीमार्ग बन्न नसक्नु राष्ट्रिय लज्जाको विषय भएको कांग्रेस नेताहरू बताउँछन् ।

कर्णाली प्रदेश सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्रीसमेत रहेका अधिकारीका अनुसार सल्यान-बाँके जोड्ने बिपीमार्ग ९७ किलोमिटर दूरी छ । वि.सं. २०१५ मा बिपी प्रधानमन्त्री पदबाट अपदस्थ भएपछि अन्योलमा परेको सो मार्ग निर्माणका लागि कांग्रेसका केन्द्रीय सदस्य कृष्णकिशोर घिमिरे र पूर्वकेन्द्रीय सदस्य डिल्लीराज रेग्मीको संयुक्त नेतृत्वमा संघ तथा प्रदेश सरकारलाई बजेटको व्यवस्था गर्न दबाब सिर्जना गर्ने योजना बनाइएको हो ।

पूर्वकेन्द्रीय सदस्य रेग्मीका अनुसार लामो समयदेखि कांग्रेस सत्तामा पुगेको छ र अहिले पनि काग्रेस सरकारमै छ। विडम्बना ! कांग्रेसका संस्थापक सभापति तथा नेपालका पहिलो जननिर्वाचित प्रधानमन्त्री बिपीले कर्णाली जोड्ने उद्देश्य राखेर रेखांकन गरेको यो मार्ग करिब ६६ वर्षसम्म बन्न सकेको छैन । यसले हालको कांग्रेस नेतृत्व र पार्टी स्वयंलाई नै ऐतिहासिक विरासत बोकेको आफ्नै संस्थापक नेतृत्वप्रति बेखबर छ भन्ने देखाएको छ ।

दाङ तुलसीपुर-कालिमाटी हुँदै सुर्खेत जोड्ने ७० किलोमिटर बाटोले महत्त्व पाउँदा कालोपत्र भइसकेको छ । अब भने केन्द्रीय सदस्यद्वय घिमिरे र रेग्मी नेतृत्वको संयुक्त टोलीले खलंगा-कालीमाटी-रामपुर हुँदै नेपालगञ्ज जोड्ने बिपीमार्ग निर्माणका लागि संघ र प्रदेश दुवै सरकारलाई दबाब दिने भएको छ । उक्त टोलीमा नेपाली कांग्रेस बाँके जिल्ला सभापति नारायण गौडेल र बाँके क्षेत्र नं १ क्षेत्रीय सभापति पोषण केसीसमेत रहने जनाइएको छ । *रासस*

# लक्ष्मीनारायण संग्रहालय सञ्चालनमा

**रामपुर (पाल्पा)–** पाल्पाको रामपुर नगरपालिकामा रहेको लक्ष्मीनारायण संग्रहालय सञ्चालनमा आएको छ । लक्ष्मीनारायण धर्मशालालाई अहिले संग्रहालयको रूपमा परिणत गरी सञ्चालनमा ल्याइएको हो ।

रामपुर-४ खोप्टारमा करिब २०० वर्ष पुरानो उक्त धर्मशालाको पुनर्निर्माणपश्चात् रामपुर नगरपालिका, स्थानीय जनप्रतिनिधि, स्थानीयवासी, सरोकारवालालगायतको पहलमा संग्रहालय स्थापना गरिएको हो । गाउँघरमा प्रचलनमा रहेका पुराना ऐतिहासिक वस्तु तथा विभिन्न जातजातिका वेशभूषा संग्रह गरी यहाँ राखिएको लक्ष्मीनारायण पाटी संग्रहालय समितिकी अध्यक्ष कविता मल्लले जानकारी दिइन् ।

विभिन्न व्यक्तिबाट प्राप्त भएका सामग्री संकलन गरी संग्रहालयमा राखिएका छन् । यहाँ विभिन्न जातजातिसँग सम्बन्धित पोसाक रहेका छन् । धर्मशालाको तल्लोतलामा पुराना सामग्री र दोस्रो तलामा विभिन्न जातजातिसँग सम्बन्धित पोसाक राखिएका छन् । कालीगण्डकी बेँसी क्षेत्रको पहिचानको रूपमा रहेको यस धर्मशालाको इतिहासलाई जीवन्त राख्न पुनर्निर्माण गरी संग्रहालय सञ्चालन गरिएको रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले बताए ।

नगरपालिकाबाट प्राप्त दुई लाख रूपैयाँले यस वर्ष बारबन्देजको काम गरिएको छ । वडा नं ४ को वडा कार्यालयबाट विनियोजित एक लाख रूपैयाँ खर्च गरेर संग्रहालयमा बिजुली बत्तीको व्यवस्था गरिएको वडाध्यक्ष रामबहादुर रानाले जानकारी दिए । यसको रेखदेख र संरक्षण गर्न स्थानीय तहले आवश्यक सहयोग गर्ने उनले बताए ।



लक्ष्मीनारायण गुठी सञ्चालन संस्थाको स्वामित्वमा धर्मशाला (गुठी) का रूपमा सञ्चालन हुँदै आएको थियो । पुरानो धर्मशाला भुइँतलासहित तीनतले छ कोठा, दायाँ र बायाँ एक/एक वटा बालापालीको थियो भने छानो झिँगटीको थियो । पहिला झिँगटीले छाइएको थियो भने अहिले लामो समयसम्म झिँगटीले काम नगर्ने भएपछि जस्तापाताले छाइएको छ ।

'पौराणिक इतिहास बोकेको धर्मशाला रामपुरको चिनारी भएकाले पुनर्निर्माणपश्चात् संग्रहालय बनाइएको हो, पुराना सामग्री खोजी गरी संरक्षण गरेर राखेका छौं, अध्ययन अवलोकन गर्ने थलो बनाएका छौं,' लक्ष्मीनारायण गुठी सञ्चालन समितिका अध्यक्ष बुद्धिप्रकाश रेग्मीले भने ।

धर्मशालालाई २०७२ सालको भूकम्पले क्षति पुऱ्याएपछि पुरातत्त्व विभागको तीन करोड छ लाख ५३ हजार रूपैयाँको लागतमा पुरानै शैलीमा पुनर्निर्माण गरिएको हो । अहिले यहाँ दैनिक २०० भन्दा बढी आन्तरिक पर्यटक अवलोकन गर्न पुग्ने गरेका छन् । धर्मशालालाई पुरानै शैलीमा पुनर्निर्माण गरिएपछि पर्यटक यसतर्फ आकर्षित भएका हुन् ।

एक रोपनी क्षेत्रफलमा धर्मशाला निर्माण गरिएको छ । उक्त धर्मशाला १८८९ सालअघि निर्माण गरिएको ताम्रपत्रमा उल्लेख छ । यही धर्मशालामा २०२५ सालमा रामतुलसी मावि आठ महिना सञ्चालन भएको बूढापाका बताउँछन् । वि.सं. १८७९ मा साविक रामपुर गाविस-८ का समाजसेवी तुल्सीराम रेग्मीले गुठी निर्माण गरेको हो । तत्कालीन समयमा यस क्षेत्रमा भित्रिने विशिष्ट व्यक्तिको स्वागत, बसोबास र धर्मशालाका रूपमा गुठी निर्माण गरिएको हो । तत्कालीन समयमा बाटोमा हिँड्दा बटुवाका लागि बाँस बस्ने प्रयोजनका लागि गुठीको निर्माण गरी सोहीअन्तर्गत धर्मशाला बनाइएको थियो ।

टाढाको गन्तव्य तय गर्ने र दिनहुँ हिँड्नुपर्दा बीचमा बाँस बस्ने व्यवस्था नहुँदा यही धर्मशालामा रात बिताउने गर्दथे । पछिल्लो समय धर्मशाला प्रयोगविहीन भएको थियो । वि.सं. २०७२ को भूकम्पले यसलाई क्षति गरेपछि यो जीर्ण बनेको थियो । धर्मशालासँगै त्यस आसपासमा लक्ष्मीनारायण गुठी सञ्चालन समितिको नाममा झण्डै दश रोपनी जग्गा छ । रेग्मी परिवारका सदस्यबाट मात्रै सञ्चालन हुँदै आएको यस लक्ष्मीनारायण धर्मशाला (गुठी) समुदायलाई हस्तान्तरण गरिएको हो । पहिला बटौली (हालको बुटवल) बजारमा सामान लिन जानआउनेका लागि यही धर्मशाला बास बस्ने ठाउँ थियो । *रासस*

# चिकित्सक अभावले उपचार प्रभावित

**बागलुङ–** जिल्लाको धौलागिरि अस्पतालमा चार महिनादेखि मनोचिकित्सकको अभाव हुँदा मनोरोग विभागको सेवा प्रभावित भएको छ । तीन वर्षदेखि सक्रिय मनोरोग विभाग चार महिनायता ठप्पजस्तै बनेको अस्पतालले जनाएको छ ।

पछिल्लो समय मनोरोगका बिरामी बढ्दो क्रममा रहेका भन्दै मनोरोगको समयमा उपचार नहुँदा आत्महत्याको दर बढ्दै जाने चिकित्सक बताउँछन् । केबी रानामगर अस्पताल व्यवस्थापन समितिको अध्यक्ष रहँदा मनोरोग विभाग स्थापना गरी उपचार तथा मनोपरामर्श सेवा सञ्चालन गरिएको थियो । मनोरोगको उपचार थालेपछि पोखरा र काडमाडौं जानुपर्ने झन्झट अन्त्य भएको थियो ।

पछिल्लो १२ महिनादेखि विभाग सञ्चालन गरिरहेका मनोचिकित्सक डा. मानकाजी थापा भदौमा संघीय सरकारअन्तर्गतको विभागमा सिफारिस भएपछि अस्पतालमा मनोचिकित्सकको पद खाली छ । अस्पतालले विशिष्टीकृत सेवाका रूपमा दिइरहेको मनोरोग विभागमा अहिले एकजना मनोपरामर्शदातामात्रै कार्यरत रहेको अस्पतालका मेडिकल रेकर्डर नवराज शर्माले जानकारी दिए । उनका अनुसार मनोचिकित्सक राजेन्द्र घिमिरे गएपछि एक महिना खाली भएको विभाग थापाको नेतृत्वमा सञ्चालनमा आएको थियो । गत भदौमा थापा पनि अन्यत्र सिफारिस भएपछि उक्त विभागमा चिकित्सकको अभाव भएको हो ।

गरिबी, सामाजिक, सांस्कृतिक लैंगिक विभेद, विलाशी जीवनशैली, आवश्यकता, वैदेशिक रोजगारीको प्रभाव, सामाजिक सञ्जालको दुरूपयोग, बेरोजगारी, पढाइको दबाब, दुर्व्यसन, एक्लोपन, अभिभावकले छोराछोरीलाई समय नदिनु, मानसिक तनाव, महत्त्वाकांक्षी, मोबाइलको बढ्दो प्रयोगलगायत कारणले पछिल्लो समय मनोरोगका बिरामीको संख्या बढेको जिल्लास्थित जनस्वास्थ्य कार्यालयको तथ्यांकले देखाउँछ । मनोरोगको परिणाम आत्महत्यासम्मको जोखिम बढ्ने स्वास्थ्यकर्मी बताउँछन् ।

अस्पतालमा मनोचिकित्सकको दरबन्दी नभएकाले समस्या भएको अस्पतालका मेडिकल रेकर्डर शर्माले बताए । उनले मनोचिकित्सकको दरबन्दी कायम गर्न स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशमा समन्वय भइरहेको उनले उल्लेख गरे । अस्पतालको मनोरोग विभागमा अहिले मनोपरामर्शदाताका रूपमा आशा थापा कार्यरत रहेका छन् । चिकित्सक नहुँदा औषधि दिनुपर्ने मनोरोगी, एन्जाइटीलगायत बिरामीलाई पोखरा पठाउनुपर्ने बाध्यता रहेको थापाले बताए ।

बागलुङ नगर स्वास्थ्य शाखा प्रमुख रामप्रसाद खनालले पछिल्लो समय जिल्लामा मनोरोगका काराण अत्महत्याको दर बढेको बताए । 'मनोरोगका कारण आत्महत्यासम्मको अवस्थामा पुग्ने देखियो, साना बालबालिकालाई मोबाइल नदिने, अविभावकको निगरानीमा राख्न आवश्यक छ,' उनले भने, 'अहिले आत्महत्याको संख्याभन्दा निरूपणमा जान आवश्यक छ, स्थानीय तहमा मनोपरामर्श कक्षा चलाउन आवश्यक छ ।'

पछिल्लो तीन वर्षयता बागलुङ नगरपालिकामा मात्रै ४२ जनाले आत्महत्या गरेका छन् । सामाजिक विभेद, बेरोजगारी, सामाजिक सञ्जालको दुरूपयोगलगायत कारणले एकोहोरोपना बढ्ने, डिप्रेसनमा जाने, अन्ततः मनोरोगी भएर आत्महत्याको बाटो रोज्ने गरेका पाइएको खनालले बताए । बागलुङमा एक वर्षमा ६० जनाले आत्महत्या गरेका जिल्ला प्रहरी कार्यालय बागलुङले जनाएको छ । जिल्लामा हुने विभिन्न घटनामध्ये आत्महत्याको 'ग्राफ' बर्सेनि बढ्दै गएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक प्रताप पौडेलले जानकारी दिए । मनोरोग, उदासीनता, दुर्व्यसन, पारिवारिक समस्या, मायाप्रेम तथा वैदेशिक रोजगारीबाट उत्पन्न समस्यालगायता कारण आत्महत्या गर्नेको संख्या बढ्दै गएको उनले बताए ।

झुण्डिएर, विष सेवन, हाम फालेर आत्महत्या गर्ने बढी रहेका प्रहरीको तथ्यांकमा उल्लेख छ । आर्थिक वर्ष २०७८/७९ मा ३७ जनाले आत्महत्या गरेकामा झुण्डिएर ३४, हाम फालेर दुई र विष सेवन एक जना रहेका प्रहरी निरीक्षक पौडेलले जानकारी दिए । उनका अनुसार आव २०७९/८० मा ४५, गत आवमा ६० जनाले आत्महत्या गरेका छन् ।

प्रहरी निरीक्षक पौडेलले आत्महत्याको विषयमा जनचेतना फैलाउने, स्थानीय तहअन्तर्गत स्वास्थ्य संस्थाले मनोपरामर्श दिने, विभिन्न संघ संस्थाले आत्महत्या रोक्न अभियान सञ्चालन गरिरहे पनि आत्महत्या गर्नेको संख्या भने बढ्दै गएको बताए । उनले पछिल्लो तीन वर्षको तथ्यांकका आधारमा आत्महत्या गर्नेको संख्या दोब्बरले वृद्धि भएको जानकारी दिए । *रासस*

# झापामा सीमास्तम्भ मर्मत गरिँदै



**झापा (प्रस)–** झापामा नेपाल-भारत अन्तर्राष्ट्रिय सीमास्तम्भ मर्मत कार्य सुरु भएको छ । नेपाल-भारत 'बाउन्ड्री वर्किङ ग्रुप'को निर्णयअनुसार नेपालको तर्फबाट मर्मतसम्भार गरिने बिजोर नम्बरका सीमास्तम्भ मर्मत थालिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण, झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राईले जानकारी दिए । मेचीनगनर नगरपालिका-१५ सिसुवाडाँगीस्थित सानो सीमास्तम्भ नं ९५/१२ बाट मर्मतसम्भार कार्य थालिएको उनले बताए ।

झापामा भारतसँग नेपालको सीमा जोडिएको १४४.२ किलोमिटर क्षेत्रअन्तर्गत रहेका १०७ सीमास्तम्भ मर्मतसम्भार गरिने छन् । सशस्त्र प्रहरीसँगै जिल्ला प्रशासन कार्यालय, नापी विभाग, स्थानीय जनप्रतिनिधि, भारतीय सीमा सुरक्षा बल (एसएसबी), स्थानीयवासीको उपस्थितिमा सीमास्तम्भ मर्मत सुरु गरिएको हो ।

सीमा क्षेत्रमा रहेका सीमास्तम्भमध्ये सन् २०१४ पछि निर्माण गरिएका बिजोर नम्बरका सीमास्तम्भ सशस्त्र प्रहरी बल नेपालले र जोर नम्बरका स्तम्भ भारतीय सीमा सुरक्षा बलले मर्मतसम्भार गर्ने निर्णयानुसार गत वर्षदेखि दुवैतर्फ सीमास्तम्भ मर्मत कार्य हुँदै आएको छ ।

प्रभाव दैनिक

शनिबार, २७ पुस २०८१ (Saturday, January 11, 2025)

रूपशाला

## प्रकाशको 'घोडा चढेर'मा काजिश र गीताको रोमान्स

गायक प्रकाश कटुवाल र दुर्गा सापकोटाको स्वर रहेको लोकगीत 'घोडा चढेर' सार्वजनिक गरिएको छ । रोमान्टिक शैलीमा तयार गीतमा विनोद ढकालको शब्द तथा गायक कटुवालकै संगीत छ । गीतमा मन परेको प्रेमीकालाई जन्तीसहित घोडा चढेर लाने कुरा गरिएको छ । गीतको एरेन्ज कमल सुरगले गरेका हुन् । गीतको भिडियो पनि निर्माण भएको छ । भिडियोमा काजिश श्रेष्ठ, लोमस शर्मा, गीता ढुंगाना, यशु भट्टराइको अभिनय छ । दुर्गा पौडेलको छायांकन, दिपक विष्टको सम्पादन रहेको भिडियोमा कोरियोग्राफी निर्देशक काजिश श्रेष्ठको रहेको छ ।



# सकियो एक दिवसीय 'चाइना फिल्म डे'




■ प्रभाव संवाददाता

**काठमाडौं** - काठमाडौँमा एक दिवसीय 'चाइना फिल्म डे' सम्पन्न भएको छ । नेपाल फिल्म एन्ड कल्चरल एकेडेमीको आयोजना रहेको कार्यक्रममा पूर्व अर्थमन्त्री वर्षमान पुन अनन्त, वरिष्ठ कलाकार नीर शाह, सुनिल थापा, केदार घिमिरे (माग्ने बुढा) लगायत नेपाली फिल्म, साहित्य क्षेत्रका व्यक्तित्व, चिनियाँ फिल्ममेकर र कलाकारको बाक्लो उपस्थिति थियो ।

कार्यक्रममा पूर्व अर्थमन्त्री पुनले नेपालमा पहिलो पटक आयोजित 'चाइना फिल्म डे' मा सहभागी हुन पाउँदा आफूलाई अत्यन्तै खुसी लागेको बताए । उनले चाइना फिल्म डे सांस्कृतिक सम्बन्धको उत्सव भएको बताउँदै फिल्ममार्फत दुई देशको सम्बन्धलाई अझ प्रगाढ बनाउन मद्दत मिल्ने विश्वास व्यक्त गरे ।

त्यस्तै आयोजक नेपाल फिल्म एन्ड कल्चरल एकेडेमीका अध्यक्ष केपी पाठकले कार्यक्रम केवल फिल्म हेर्ने मात्र नभई दुई देशबिचको सम्बन्ध ठुलो कुराको लागि एउटा सुरुवाती प्रवेशद्वार रहेको बताए । 'नेपाल र चीनबिच सहकार्यको समृद्ध इतिहास छ र यस्तो कार्यक्रमले चलचित्रमार्फत आगामी सम्बन्धलाई अगाडि बढाउने एउटा महत्त्वपूर्ण कदम पनि हो' उनले भने ।


चाइना फिल्म एडमिनिस्ट्रेसनका अन्तरर्राष्ट्रिय विभागका निर्देशक सु याङले नेपाल एउटा सुन्दर देश र प्राचीन सभ्यता भएको देश रहेको बताए । 'हामी आशा गर्छौं कि यस फिल्म डेबाट चाइना र नेपाल बिचको फिल्म क्षेत्रमा हुने उपयोगको सहकार्यमा अझ राम्रो सम्बन्ध बन्दै जानेछ ' उनले भने ।

चिनियाँ दूतावासका डेपुटी चिफ अफ मिसन (डीसीएम) वाङ जिनले हालका बर्षहरूमा चीनका फिल्मका लागि विश्वको ठुलो बजार भैसकेको र नेपालमा समेत चिनियाँ फिल्म छायाङ्कन भएको सन्दर्भ उल्लेख गर्दै भने, 'अघिल्लो वर्ष नेपालका प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा नेपालमा २०२५ मा चिनियाँ फिल्म फेस्टिभल गर्ने सम्झौता भएको थियो ।' दुई देशबिच उत्सव शृफ्लाको रूपमा यस चीन फिल्म डे कार्यक्रमले दुई देशका फिल्म निर्माता बिचको सहयोग आदान प्रदान समेत गर्ने उनले बताए ।

'चाइना फिल्म डे'मा सहभागीको लागि १४ सदस्यीय टोलीको नेतृत्व गर्दै चाइना फिल्म एडमिनिस्ट्रेसनका अन्तर्राष्ट्रिय विभागका निर्देशक सु याङ सहित चर्चित फिल्म 'जी फर ग्याप' की अभिनेत्री तथा दुई पटक गोल्डेन रुस्टर अवार्ड विजेता यु हङ, चाइना फिल्म एडमिनिस्ट्रेसनका बजार विभागका उपनिर्देशक झेङ झेङ, टाइगर पिक्चर्स इन्टरटेनमेन्टका प्रमुख ओवेन यङ, फिल्म 'पर्सनल पर्सिसटेन्स'का निर्देशक जिङ जिआओ, 'लाइफ अफ लुओसाङ' का पटकथा लेखक लु वेइ र निर्देशक झाङ गुदोङ, फिल्म 'मिडसमर भोइस' का निर्देशक झाङ युडी लगायतका टोली नेपाल आएका छन् ।

क्यूएफएक्स सिनेमाको छाया सेन्टरमा आयोजित 'चाइना फिल्म डे' मा ३ चिनियाँ फिल्म हुई साओ निर्देशित 'हर स्टोरी', युडी झाङ निर्देशित 'मिडसमर्स भ्वाइस' र फेई लङ निर्देशित 'जी फर ग्याप' प्रदर्शन गरियो ।

# 'ममी'को नयाँ पोस्टर सार्वजनिक




**काठमाडौं (प्रस)**– समर निरौलाको निर्देशनमा निर्माण भएको सिनेमा 'ममी'को नयाँ पोस्टर सार्वजनिक गरिएको छ । सार्वजनिक दोस्रो पोस्टरमा अभिनेत्री प्रिंयका कार्की डर मिश्रीत भावमा केही हेरिरहेकी छन् । उनको छेउमा कालो बिरालो समेत देखिन्छ ।

पुरानो घरको अगाडि उभिएकी प्रिंयका र उनको पछाडी रहेको घरको भित्तामा राखिएको फोटो फ्रेममा अभिनेता तथा निर्देशक सुलक्षण भारती र बाल कलाकार आयुषी ढकाल र जेभिस श्रेष्ठको तस्वीर देख्न सकिन्छ । फोटो फ्रेमको काँच फुटेको देखिन्छ । त्यसबाट घरमा रहेको नकारात्कम शक्तिले आक्रमण गरेको बुझिन्छ। सिनेमाको सार्वजनिक यो पोस्टरले दर्शकमाझ सिनेमा प्रति कौतुहल्ता पैदा गर्ने विश्वास निर्माण टिमको छ । हरर फ्यामिली ड्रामा सिनेमामा प्रियंकासँगै दीया मास्के, सुलक्षण भारतीको मुख्य भूमिका रहेको छ । सिनेमामा उनीहरूका अलावा समीप निरौला, घनश्याम जोशी, आयुषी ढकाल, जेभिस श्रेष्ठ, गीत विष्टलगायतका कलाकारहरूको अभिनय रहेको छ ।

सो ट्वान्टी फाइभको प्रस्तुतिमा निर्माण भएको सिनेमामा समर निरौला र पूर्णिमा जोशीको लेखन रहेको छ । सिनेमाका निर्माता लोक राज जोशी तथा पूर्णिमा जोशी हुन भने कार्यकारी निर्मातामा सुमन कोइराला रहेका छन् । 'ममी'को छायाँकन निशाल पौडेल र शरद महतोले संयूक्त रूपमा गरेका हुन् भने सम्पादन सुरेन महर्जनको रहेको छ । यसैगरी पार्श्व ध्वनीमा रोहित शाक्य, साउन्ड डिजाईनमा श्रवल आरपी, रंग संयोजनमा दिपेश चौधरी तथा संगीतकारमा एसडी योगी रहेका छन् । सिनेमालाई काठमाडौं उपत्यकामा काफिया फिल्मस् र मोफसलमा कुवेर सिने डिष्ट्रीव्युसनले वितरण गर्दैछन् ।

# सिनेमाटोग्राफरको क्षेत्रमा व्यस्त कपिल सागर

**काठमाडौं (प्रस)**– नेपाली कला क्षेत्रको उत्थान र विकासको लागि आफ्नो अतुलनीय योगदान दिँदै आएका कुशल सिनेमाटोग्राफर हुन् कपिल सागर जिन्दाजी गुरुङ । नेपाल टेलिभिजनबाट प्रशारण कार्यक्रम 'विकास र बहस'मा हालसम्म क्रियाशील उहाँले विशेषगरी आधुनिक कृषि उत्पादन, व्यवसायिक कृषि तथा पशु पालन र वस्तुको विविधीकरण सम्बन्धी थुप्रै वृत्तचित्र छायाँकन गरिसकेका छ। पर्वत जिल्ला स्थाई घर भई हाल काठमाडौंलाई कर्मथलो बनाई आफ्नो बिद्यामा सकृय रहेका कपिल सागरले दर्जनौ म्युजिक भिडियोमा काम गरिसकेका छन् ।

सिनेमाटोग्राफरको भिडमा आफूलाई छोटै समयमा अब्वल छायाँकारको रूपमा चिनाउँन सफल कपिल सागर चलचित्रलाई मनोरञ्जन र समाज परिवर्तनको संवाहक मान्छन् । उनि कलाक्षेत्रप्रति लगाव राख्दै यसैक्षेत्रमा निरन्तर लागि परिरहेका ब्यक्ति हुन् । नेपाली मनोरञ्जनात्मक उत्पादन विश्व बजारसम्म पुग्नुपर्ने र यस क्षेत्रका अग्रज हस्तीहरूले यो विषयमा अलि बढी सकृय हुने हो भने नेपाली चलचित्र, बृत्तचित्रले पनि विश्वबजारमा राम्रै स्थान पाउन सक्ने उनको धारणा छ ।

योजना बनाएर भन्दा पनि कर्म गरेरै यो क्षेत्रमा आफूले अझै धेरै गर्नु रहेको बताउँने कपिल सागरले सुरुवाती समयमा स्थानीय स्तरमा हुने बिवाह, ब्रर्तवन्ध र साँस्कृतिक कार्यक्रमहरू खिच्ने गरेको र पछिल्लो समयमा आफ्नो क्षमताका कारण मनोरञ्जन जगतमा एकपछि अर्को काममा निरन्तर लागिरहेको बताउछन् । सिनेमाटोग्राफीको क्षेत्रममा निरन्तर आफ्नो उपस्थिति जनाउदै आईरहेका कपिल सागर आफ्नो कामको माध्येमबाट नेपाली कलाप्रेमी र दर्शकको मन मष्तिष्कमा बस्न सफल मध्यका एक हुन् । जस्तोसुकै परिस्थितिमा पनि आफुले गर्दै आइरहेको कामलाई सकारात्मक तरिकाले ग्रहण गरेर लानसके जीवन सार्थक बन्ने उनको बुझाईछ ।



रंगशाला

# विश्वकप क्रिकेट खेल्न जाने नेपाली टोलीको बिदाई



■ प्रभाव संवाददाता

**काठमाडौं**– मलेसियामा आयोजना हुने आइसिसी यु-१९ (उन्नाइस वर्षमुनि) महिला विश्वकप क्रिकेट प्रतियोगिता खेल्न जाने नेपाली टोलीलाई शुक्रबार बिदाइ गरिएको छ । नेपाल क्रिकेट संघ(क्यान)द्वारा शुक्रबार यहाँ आयोजित एक कार्यक्रममा पूजा महतोको कप्तानीमा रहेको नेपाली टोलीलाई युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, क्यानका पदाधिकारीलगायतले सफलताको शुभकामना दिँदै बिदाइ गरेका हुन् ।

युवा तथा खेलकुदमन्त्री चौधरीले नेपाली युवा टोलीले उत्कृष्ट खेल प्रदर्शन गर्नेमा आफू विश्वस्त रहेको बताउँदै विद्यालयस्तरदेखि नै खेल क्षेत्रलाई अगाडि बढाउन आवश्यक रहेको विचार व्यक्त गरे । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को आयोजनामा हुने उक्त प्रतियोगिता आगामी माघ ५ देखि २० गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा नेपालको यो पहिलो सहभागिता हो । विभिन्न १६ राष्ट्र सहभागी विश्वकपमा नेपाल समूह 'डी' मा परेको छ ।

नेपालको समूहमा बङ्गलादेश, अस्ट्रेलिया र स्कटल्याण्ड छन् । नेपालले समूह चरणको पहिलो खेल आगामी माघ ५ गते बङ्गलादेशसँग खेल्दै प्रतियोगिताको उद्घाटन गर्नेछ । त्यस्तै दोस्रो खेल माघ ७ गते स्कटल्याण्डसँग खेल्नेछ भने माघ ९ गते अस्ट्रेलियासँग खेल्नेछ ।

विश्वकपको समूह 'ए' मा आयोजक मलेसियासहित भारत, श्रीलङ्का र वेस्ट इण्डिज छन् । त्यस्तै समूह 'बी' मा इङ्ग्ल्याण्ड, आयरल्याण्ड, पाकिस्तान र अमेरिका छन् भने समूह 'सी' मा न्यूजील्याण्ड, समोआ, दक्षिण अफ्रिका र नाजेरिया रहेका छन् ।

नेपाली युवा टोलीमा कप्तान महतोसँगै सोनी पाख्रिन, किरनकुमारी कुँवर, कृष्मा गुरुङ, साना प्रविन, स्नेहा महरा, सावित्रा धामी, रचना चौधरी, अनु कडायत, तृषना विक, रिया शर्मा, अलिशाकुमारी यादव, कुसुम गोदार, सिमाना केसी र ज्योत्सिका मरासिनी रहेका छन् । नेपाली टोलीका प्रशिक्षक महेशप्रसाद रिजालले नेपाली टोलीको प्रशिक्षण राम्रो भएको बताउँदै प्रतियोगितामा शतप्रतिशत नतिजा ल्याउने योजना रहेको उल्लेख गरे । नेपाली टोलीकी कप्तान महतोले प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने प्रतिबद्धता व्यक्त गर्दै विश्वकपमा नयाँ इतिहास रच्ने योजना रहेको बताइन् । नेपाली टोली -आज) शनिबार मलेसिया प्रस्थान गर्नेछ ।

# चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुँदै

**भैरहवा (प्रस)**– सिद्धार्थनगर नगरपालिकाको आयोजनामा भैरहवामा चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता पुस २७ देखि २९ गते सम्म हुने भएको छ । सिद्धार्थनगर नगरपालिकाले प्रतियोगिताका बारेमा शुक्रबार पत्रकार सम्मेलन गरि सबै तयारी पूरा भएको जानकारी गराएको छ । सम्मेलनमा सिद्धार्थनगर नगरपालिकाका नगर प्रमुख इस्तियाक अहमद खाले नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सर्वाङ्गिण विकासलाई लक्षित गरेर प्रतियोगिता गर्न लागिएको बताए ।

विद्यालयस्तरमा रहेका प्रतिभालाई छनौट गरी उत्कृष्ट खेलाडीहरूलाई जिल्लास्तरीय हुँदै प्रदेश र राष्ट्रिय प्रतियोगितामा समावेश गराउने उद्देश्य रनिङ शिल्डको रहेको उनले जानकारी दिए । प्रतियोगिता सिद्धार्थनगर नगरपालिका वडा नम्बर १ स्थित श्री पक्लिहवा माध्यमिक विद्यालयमा, पक्लिहवा कृषी क्याम्पस र वडा नं ५ स्थित भैरहवा नमुना उच्च माध्यमिक विद्यालयको खेल मैदानमा हुनेछ ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अन्तरगत तेक्वान्दो, एथलेटिक्स, कबड्डी, भलिबल खेल हुनेछन् । भलिवल तर्फ १९ विद्यालयका छात्रहरूको १६ र छात्राहरूको १६ टिमको सहभागिता रहने छ । त्यस्तै कबड्डी तर्फ १३ विद्यालयका छात्रहरूको ११ टिम र छात्राहरूको १० टिमको सहभागिता रहने छ । तेक्वान्दो तर्फ १५ विद्यालयका छात्र तर्फ १० र छात्रा तर्फ १२ टिमको सहभागिता रहने छ । एथेलेटिक्स तर्फ २० विद्यालयका छात्रहरू ३ सय ८० र छात्राहरू ३ सय ८० को सहभागिता रहने छ । प्रतियोगिता अवधिभर ४२ बटा ईभेन्टमा खेल हुने छन् ।

# नेपालले पहिलोपल्ट कबड्डी विश्वकप खेल्ने




■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाली कबड्डी टिमले पहिलोपल्ट विश्वकप खेल्ने भएको छ । 'वुमेन्स कबड्डी वर्ल्डकप २०२५' मार्चमा पटना, विहारमा आयोजना हुँदैछ, जसमा नेपाली राष्ट्रिय महिला टिमले खेल्ने भएको हो ।

नेपाल कबड्डी संघका महासचिव अरविन्दकुमार झाले भने, 'नेपाली महिला टिमले दक्षिण एसियाली खेलकुद (साग), एसियाली खेलकुद तथा आमन्त्रण प्रतियोगिताहरू धेरैपल्ट खेलेको छ । विश्वकप भने पहिलोपल्ट खेल्न लागेको हो ।'

नेपालले पछिल्लोपल्ट चीनको हाङचोउमा भएको १९ औं एसियाली खेलकुद २०२२ मा कांस्यपदक जितेको थियो । मुख्य प्रशिक्षक पार्वती राईले पनि नेपालले पहिलोपल्ट कबड्डी विश्वकप खेल्न लागेको पुष्टि गरिन् । उनले भनिन्, 'म आफै खेलाडी हुँदा वर्ल्ड च्याम्पियनसिप खेलेकी छु । पुरुष टिमले दुईपल्ट वर्ल्ड च्याम्पियनसिप खेलेको छ । तर, वर्ल्डकप खेल्न लागेको चाहिँ पहिलोपल्ट नै हो ।' उनकै नेतृत्वमा नेपालले एसियाडमा कांस्य जितेको थियो । नेपाली महिला टिमल १३ औं सागमा रजत, ११ र १२ औं सागमा कांस्यपदक पनि हात पारेको थियो ।

नेपाल कबड्डी लिग (एनकेएल) को टिम जनकपुर नाइट्सका मुख्य प्रशिक्षकसमेत रहेकी राईकै नेतृत्वमा राष्ट्रिय महिला टिमले विश्वकप २०२५ को तयारी गरिरहेको छ । संघले १६ खेलाडीलाई समावेश गर्दै मंसिर १ देखि कागेश्वरी मनोहरामा बन्द प्रशिक्षण सञ्चालन गरेको छ ।

संघका महासचिव झाकाअनुसार फेरि एकपल्ट खेलाडीको छनोट गरी एनकेएलपछि नेपाली टिमले विश्वकपको तयारीमा एक महिना भारतमा प्रशिक्षण गर्नेछ । अहिले टिमलाई मुख्य प्रशिक्षक पार्वती राईसहित विष्णु भट्ट, लोकबहादुर विष्ट, हरिणा थापा र दिल्लीबाट आएका कोम सिंहले प्रशिक्षण दिइरहेका छन् ।

# पुटिनसँग भेटवार्ताको तयारीमा ट्रम्प



**वासिङ्टन–** अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेटवार्ता गर्न चाहेको बताएका छन् । सन् २०२२ को फेब्रुअरीदेखि रूसी आक्रमणको चपेटामा परेको युक्रेनमा शान्ति स्थापना गर्ने आफ्नो अभियानका क्रममा प्रतिबद्धता जनाएपछि उनले पदभार ग्रहण गर्नुभन्दा डेढ हप्ताअघि यस्तो अभिव्यक्ति दिएका हुन् ।

फ्लोरिडाको पाम बिचस्थित मार-ए-लागो रिसोर्टमा रिपब्लिकन गभर्नरहरूसँगको भेटमा ट्रम्पले भने, 'उहाँ भेट्न चाहनुहुन्छ र हामी यसका लागि बन्दोबस्त गर्दै छौं ।' ट्रम्पले थपे, 'राष्ट्रपति पुटिनले भेट्न चाहेको कुरा सार्वजनिकरूपमा पनि बताउनुभएको छ । हामीले रूस-युक्रेन युद्ध अन्त्य गर्नुपर्छ । यो एक रक्तरञ्जित घटना हो ।'

ट्रम्पले युद्धविराम वा शान्ति सम्झौताका लागि कुनै ठोस प्रस्ताव सार्वजनिक गरेका छैनन् तर संयुक्त राज्य अमेरिकाले किएभलाई पठाएको ठूलो परिमाणको सैन्य सहायताको बारम्बार आलोचना गर्दै आएका छन् । ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई 'सेल्सम्यान' को रूपमा खिल्ली उडाउँदै आएका छन् भने पुटिनको विरलै आलोचना गर्ने र कहिलेकाहीँ प्रशंसासमेत गर्ने गरेका छन् ।

राष्ट्रपति जो बाइडेनको नेतृत्वमा युक्रेनलाई पठाइएको ठूलो सैन्य सहायताको आलोचना गर्नुका साथै ट्रम्पले पश्चिमी सैन्य गठबन्धन नेटोमा अमेरिकाको निरन्तर संलग्नतामाथि शंका व्यक्त गरेका छन् । बाइडेनको नेतृत्वमा रहेको संयुक्त राज्य अमेरिका युक्रेनको सबैभन्दा ठूलो युद्धकालीन समर्थक रहँदै आएको छ र फेब्रुअरी २०२२ देखि ६५ अर्ब डलरभन्दा बढीको सैन्य सहायता प्रदान गर्दै आएको छ । *रासस⁄एएफपी*

# लस एन्जलस डढेलोमा १० जनाको मृत्यु



**लस एन्जलस, संयुक्त राज्य अमेरिका–** क्यालिफोर्नियाको लस एन्जलसमा फैलिएको भीषण डढेलोका कारण १० जनाको मृत्यु भएको छ । आगलागीबाट आक्रान्त बनेको लस एन्जलस र वरपरका क्षेत्रमा क्यालिफोर्नियाको नेसनल गार्डका सैनिकहरूलाई परिचालन गर्ने तयारी गरिरहेको अधिकारीले बताएका छन् ।

लस एन्जलस काउन्टी मेडिकल एक्जामिनरले बिहीबार अबेर १० जनाको मृत्यु भएको र संयुक्त राज्य अमेरिकाको दोस्रो ठूलो सहरको ठूलो भाग भग्नावशेषमा परिणत भएका बेला क्यालिफोर्नियाको नेसनल गार्डका सैनिकहरूलाई परिचालन गर्ने तयारी गरिरहेको जानकारी आएको हो ।

आगो निभाउने अभियान रातभर चलिरहयो । आगो निभाउनका लागि पानी छर्किने हेलिकप्टरका चालकले हावाको सुस्तताले आगो निभाउने अभियानलाई साथ दिएको बताएका छन् । यद्यपि, नयाँ डढेलोहरू निस्कने क्रम जारी रहेको छ ।

लस एन्जलस काउन्टीका शेरिफ रोबर्ट लुनाले रातको समयमा कफर्चु लगाउने योजना रहेको र राज्यको नेसनल गार्डले प्रभावित क्षेत्रमा गस्ती गरिरहेको बताएका छन् । गभर्नर गेभिन न्युसमले हजारौंको संख्यामा सेनाका सदस्य र सरकारी कर्मचारीहरू तैनाथ गरिएको बताएका छन् । उनले भने, 'हामी आगामी दिनमा समुदायको सुरक्षाका लागि नेसनल गार्ड सेवाका सदस्यसहित सबै तैनाथ गरिरहेका छौं । यसले सहरमा हुनसक्ने सम्भावित लुटपाटका घटनालाई नियन्त्रण गर्न सकिने छ ।'

लुनाका अनुसार अधिकारीहरूले उद्धार क्षेत्रमा गस्ती गरिरहेका छन् र त्यहाँ नबस्ने जो कोहीलाई पनि परिचयपत्रका आधारमा पक्राउ गर्ने छन् । सबैभन्दा ठूलो डढेलो प्यासिफिक पालिसाडेस आसपासको करिब २० हजार एकड क्षेत्रमा फैलिएको छ भने अल्टाडेना वरपरको अर्को आगलागीले १३ हजार ७०० एकड जमिन जलेर नष्ट भएको छ । अग्निनियन्त्रकले प्यासिफिक पालिसेड्समा लागेको आगोको छ प्रतिशत परिधिमा रहेको र त्यसको परिधिमा आगोलाई नियन्त्रण गर्न थालेको बताएका छन् । *रासस⁄एएफपी*

# मलाला पाकिस्तान आउने



**इस्लामावाद–** नोबेल शान्ति पुरस्कार विजेता मलाला युसुफजाई आफ्नो जन्मथलो पाकिस्तानमा आयोजना हुने छात्रा शिक्षासम्बन्धी शिखर सम्मेलनमा सहभागी हुन इस्लामावाद आउने भएकी छन् ।

युसुफजईलाई सन् २०१२ मा पाकिस्तानी तालिबानले गोली हानी हत्या गर्ने प्रयास गरेपछि विदेशमा जीवन विताउँदै आएकी छन् । आक्रमणपछि पनि उनले पाकिस्तानी किशोरीहरूको शैक्षिक तथा अन्य अधिकारका लागि आवाज बुलन्द गर्दै आएकी छन् तर पाकिस्तानको विरलै मात्र भ्रमण गर्ने गरेकी छन् ।

'म विश्वभरका मुस्लिम नेताहरूसँग छात्रा शिक्षासम्बन्धी महत्त्वपूर्ण सम्मेलनमा सामेल हुन पाउँदा उत्साहित छु' उनले शुक्रबार एक्समा एक पोस्टमा लेखेकी छन् । 'आइतबार म सबै बालिकालाई विद्यालय जान पाउने अधिकारको रक्षा गर्ने र तालिबानलाई अफगान महिला र बालिकाविरुद्ध गरेको अपराधका लागि किन जवाफदेही बनाउनुपर्छ भन्ने विषयमा सम्बोधन गर्ने छु' उनले पोस्टमा लेखेकी छन् ।

मलाला फन्ड च्यारिटीका प्रवक्ताले उनी व्यक्तिगत रूपमा शिखर सम्मेलनमा सहभागी हुने पुष्टि गरेका छन् । मुस्लिम समुदायमा बालिका शिक्षामा केन्द्रित रहेर शनिबार र आइतबार राजधानी इस्लामावादमा दुई दिने शिखर सम्मेलन हुने छ ।

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले उद्घाटन गर्ने समारोहमा ४४ देशका मन्त्री तथा राजदूतका साथै संयुक्त राष्ट्रसंघ र विश्व बैंकका प्रतिनिधि सहभागी हुने छन् । यस शिखर सम्मेलनले मुस्लिम समुदायको शिक्षाको माध्यमबाट बालिकाहरूको सशक्तीकरणको साझा प्रतिबद्धतालाई पुष्टि गर्नेछ । सन् २०१२ मा अफगानिस्तानसँग सीमा जोडिएको स्वात उपत्यकामा पाकिस्तानी तालिवान लडाकुले विद्यालयको बसमा आक्रमण गरेपछि दिएको प्रतिक्रियापछि युसुफजाई चर्चामा आएकी थिइन् । अफगान तालिबान र नेटो सेनाबीच सीमापार युद्ध चर्किरहेको समय पाकिस्तानी तालिवानको नेतृत्वमा यस क्षेत्रमा बर्बर आतंक फैलिएको थियो ।

हत्या प्रयासपछि उनलाई संयुक्त अधिराज्य (बेलायत)मा लगियो र बालिका शिक्षाको लागि विश्वव्यापीरूपमा आवाज उठाएका कारण १७ वर्षको उमेरमा सबैभन्दा कम उमेरको नोबेल शान्ति पुरस्कार विजेता बनेकी थिइन् । *रासस⁄एएफपी*


## ओमनमा रोजगार
कम्पनी : Kehlanpools and Fountains LLC
पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 316992 | चलानी नं. ६०२३११८९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SANITARY INSTALLATION WORK GEN | 12 | 0 | 120 | ४२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ५ गते (18th Jan. 2025) मा हुनेछ ।

Aarambha H R Services Pvt.Ltd
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com, Website : www.aarambhahr.com
Govt.Lic. No. 1241/074/075

## साउदीमा रोजगार
कम्पनी : AL KAYAN AL MUTAMAYEZ BLACKSMITH & ALUMINUM CO.
पूर्व स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 316977 | चलानी नं. ६०२३११६६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४४,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ६ गते (19th Jan. 2025) मा हुनेछ ।

NABIL OVERSEAS PVT LTD.
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023
श्रम इजाजत नं. ३५९/०५९/०६०

## युएइमा रोजगार
कम्पनी : AL RAWASI INTERNATIONAL CONSTRUCTION L.L.C - DUBAI BRANCH
पूर्व स्वीकृति मिति : २०८१/०६/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 311904 | चलानी नं. ६०२२६४४९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Ac Technician | 4 | 0 | 1000 | ३७,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason Assistant | 1 | 0 | 1000 | ३७,३८० | | | | | | | |
| 3 | Building Worker/labour | 3 | 0 | 900 | ३३,६४५ | | | | | | | |
| 4 | Carpenter | 2 | 0 | 1200 | ४४,८५५ | | | | | | | |
| 5 | Concrete Masons | 14 | 0 | 1200 | ४४,८५५ | | | | | | | |
| 6 | Electrical Helpers | 1 | 0 | 1000 | ३७,३८० | | | | | | | |
| 7 | Electrician Gen. | 14 | 0 | 1200 | ४४,८५५ | | | | | | | |
| 8 | House Labour | 4 | 0 | 900 | ३३,६४५ | | | | | | | |
| 9 | Metal Structure Install Worker | 25 | 0 | 1000 | ३७,३८० | | | | | | | |
| 10 | Painter | 6 | 0 | 1200 | ४४,८५५ | | | | | | | |
| 11 | Plumber | 17 | 0 | 1200 | ४४,८५५ | | | | | | | |
| 12 | Steel Fixer (Reinforce Fitter) | 13 | 0 | 1200 | ४४,८५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ५ गते (18th Jan. 2025) मा हुनेछ ।

Dubai Overseas International Pvt. Ltd.
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com
श्रम इजाजत नं. ७५१/०६४/०६५

## बहराइनमा रोजगार
कम्पनी : FAKHRO RESTAURANTS CO. WLL ( MC Donald's Bahrain)
पूर्व स्वीकृति मिति : २०८१/03/03 | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 306597 | चलानी नं. ६०२२१३८०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew | 100 | 50 | 120 | ४३,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Team Leaders | 50 | 0 | 150 | ५४,६२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ५ गते (18th Jan. 2025) मा हुनेछ ।

Al Amal Overseas Pvt. Ltd.
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com, Website : alamaloverseas.com
Govt. License No. 1345/074/075

## साउदीमा रोजगार
कम्पनी : Al Shamaa Professional Car Wash
पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 316639 | चलानी नं. ६०२३०८२८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 4 | 0 | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ५ गते (18th Jan. 2025) मा हुनेछ ।

Janashakti International Services Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031, 9762902411, 9844661381, 9815039898, 9813413654, 9846702764,9851105682,9851084742, Email : info@jisnepal.com, Web: www.janashaktiintl.com
श्रम इजाजत नं. ९९९/०६८/०६९

## मलेसियामा रोजगार
कम्पनी : G15 SECURITY SDN BHD
पूर्व स्वीकृति मिति : २०८०/०५/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 291666 | चलानी नं. ६०२०६८२८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 57 | 0 | 1500 | ४५,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ५ र ८ गते (18 & 21 Jan. 2025) मा हुनेछ ।
झापा, बिर्तामोड-१, Anjali Training Center मा मिति: २०८१ माघ ६ गते (19th Jan. 2025) मा हुनेछ ।
कास्की, पोखरा, Janapriya Thakali Nagdhunga मा मिति: २०८१ माघ ७ गते (20th Jan. 2025) मा हुनेछ ।
रुपन्देही, बुट्वल, Butwal Multiple Training Center मा मिति: २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

BLACK PEARL INTERNATIONAL PVT. LTD.
Battisputali-9, Kathmandu, Contact: 01-15919419, 9841271962, 9808865460
Email: director@blackpearlinternational.com.np, Web: blackpearlinternational.com.np
Govt. License 1568/079/08

## कुवेतमा रोजगार
कम्पनी : LA COQUETTE LADIES BEAUTY SALON COMPANY.
पूर्व स्वीकृति मिति : २०८१/03/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 307145 | चलानी नं.६०२२१९३०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/hairdresser/manicure/pedicure/nail Tech | 0 | 22 | 150 | ६६,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/helper/worker(Indoor) | 0 | 2 | 90 | ४०,०७५ | | | | | | | |
| 3 | Light Driver | 2 | 0 | 135 | ६०,११० | | | | | | | |

कम्पनी : Hair Dryer Salon Company And Health Institute For Women's Beauty
पूर्व स्वीकृति मिति : २०८१/०६/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 311607 | चलानी नं.६०२२६०८७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 150 | ६६,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 2 | 150 | ६६,७९० | | | | | | | |
| 3 | Helper/cleaner | 0 | 2 | 150 | ६६,७९० | | | | | | | |
| 4 | Manicure/pedicure | 0 | 2 | 150 | ६६,७९० | | | | | | | |
| 5 | Nail Technicians | 0 | 2 | 150 | ६६,७९० | | | | | | | |
| 6 | Receptionist | 0 | 2 | 150 | ६६,७९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ५ गते (18th Jan. 2025) मा हुनेछ ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## युएइमा रोजगार
कम्पनी : UT PACK INDUSTRIES LLC
पूर्व स्वीकृति मिति : २०८१/०२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/२६ | LT. No. 305778 | चलानी नं. ६०२२०६२४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 7 | 0 | 900 | ३३,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ८ गते (21st Jan. 2025) मा हुनेछ ।

Ganapati Overseas Pvt.Ltd.
Sinamangal -9 Kathmandu, Tel: 01-411082, 9808865846, 9843757032, Email: career.ganapati@gmail.com
श्रम इजाजत नं. २५८/०५८/०५९

## साउदीमा रोजगार
कम्पनी : CAPITAL FORCE FOR OPERATION AND MAINTENANCE COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०९/२५ | LT. No. 316883 | चलानी नं. ६०२३०९५६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PACKING& PACKAGING WORKER | 30 | 0 | 1000 | ३६,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ५ गते (18th Jan. 2025) मा हुनेछ ।

Honesty Overseas Pvt.Ltd.
License No. : 1000/068/69
Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243, Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५४१०० | प्रति तोला – ० | प्रति तोला – १८४५ |

## निर्माण व्यवसायीलाई २२ अर्बभन्दा बढी भुक्तानी

■ प्रभाव संवाददाता



**काठमाडौं–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले चालू आर्थिक वर्षमा मात्रै निर्माण व्यवसायीलाई रू २२ अर्बभन्दा बढी अघिल्लो आवको दायित्व भुक्तानी भइसकेको बताएका छन् । नेपाल निर्माण उद्योग परिषद्को प्रतिनिधिसँगको भेटमा अर्थमन्त्री पौडेलले सिर्जित दायित्व भुक्तानी नरोकेको स्पष्ट पार्दै सरकारको सदासयतालाई कमजोरी नठान्नसमेत निर्माण व्यवसायीहरूलाई आग्रह गरे ।

'भुक्तानी योग्य रकमको भुक्तानी प्रक्रिया निरन्तर जारी रहन्छ । तर सरकार र निर्माण व्यवसायी दुवै कानुनअनुसार चल्नुपर्छ,' अर्थमन्त्री पौडेलले भने, 'भुक्तानीको कुरा गरिरहँदा निर्माण व्यवसायीहरूले सरकारलाई बुझाउनुपर्ने आयकर र मूल्य अभिवृद्धि करको दायित्वलाई पनि भुल्नु हुँदैन ।'

अर्थ मन्त्रालय बजेट महाशाखा प्रमुख श्रीकृष्ण नेपालले संघीय सरकारको दायित्वअन्तर्गत निर्माण व्यवसायीहरूलाई कूल रू २८ अर्ब ८९ करोड भुक्तानी गर्नुपर्ने देखिएकोमा अब करिब रू छ अर्ब भुक्तानी हुन बाँकी रहेको र त्यसमा पनि प्रक्रियामा रहेकालाई प्राथमिकतामा राखेर भुक्तानी गरिने जानकारी दिए । नेपाल निर्माण उद्योग परिषद्का पदाधिकारीहरूले सरकारले हालसम्म बिल पेश गरी दाबी गरेको भुक्तानी रकमको ८० प्रतिशतभन्दा बढी भुक्तानी प्राप्त गरिसकेको बताउँदै करको बाँकी भुक्तानीका लागि पनि वातावरण बनाइदिन उपप्रधानमन्त्री एवं अर्थमन्त्रीलाई आग्रह गरेका थिए । उनीहरूले करको रकम किस्ता बन्दीमा भुक्तानी हुने व्यवस्था गरिदिन, निर्माण सामग्रीमा आयात छुट दिन, रूग्ण आयोजनामा पूँजी परिचालनको व्यवस्था मिलाइदिनलगायत अनुरोध गरेका थिए ।

## हस्तकला क्षेत्र सधैं सरकारको प्राथमिकतामा : प्रधानमन्त्री

■ प्रभाव संवाददाता




**ललितपुर–** प्रधानमन्त्री केपी शर्मा ओलीले रोजगारी र निर्यात वृद्धिमा योगदान दिने हस्तकला क्षेत्र सरकारको सधैं प्राथमिकता रहने बताएका छन् । नेपाल हस्तकला महासंघको ४४औं वार्षिक साधारणसभाको उद्‌घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मुलुकमा रोजगारी, उत्पादन, उद्यमशीलता, आत्मविश्वास र निर्यात बढाउने क्षेत्र भएकाले यसका लागि सरकारले गर्नुपर्ने कामका लागि आफूहरूले सक्दो पहल गर्ने विश्वास दिलाए ।

प्रधानमन्त्री ओलीले कला र संस्कृतिमा नेपाल धनी भएको सन्दर्भमा हस्तकला क्षेत्र कहिल्यै विस्थापित नहुने बताउँदै बजारका सामानभन्दा आफैंले मेहनत गरेर फलाएका खाना र बनाएका सामान प्रयोग वृद्धिका लागि आग्रह गरे । 'हाम्रो देश कलाका लागि प्रसिद्ध छ । यहाँका कला अमूल्य छन् । यिनमा हाम्रा दृष्टिकोण र कला सजिएका हुन्छन्', प्रधानमन्त्री ओलीले भने, 'हस्तकलाले महिलाको रोजगारी र सीप विकासका साथै सामाजिक उत्थानमा पनि मद्दत गरेको छ । यस क्षेत्रबाट उत्पादित सामान निर्यातका लागि लागौं, म यसका विभिन्न विधाको विकासका लागि के के गर्नुपर्छ भन्नेबारे महासंघलाई बोलाएर छलफल गर्छु । त्यसका आधारमा हामी थप काम गर्नेछौं ।'

महासंघका अध्यक्ष प्रचण्ड शाक्यले सरकारले सार्वजनिक निकायहरूमा स्वदेशी वस्तुको प्रयोग अनिवार्य गर्नेसम्बन्धी निर्देशिका जारी गरेकामा स्वागत गर्दै त्यसको प्रभावकारी कार्यान्वयमा जोड दिए । उनले निर्यात वृद्धि र सहजीकरणका लागि विभिन्न बुँदामा प्रधानमन्त्री ओलीको ध्यानाकर्षण गराए । हस्तकला क्षेत्रले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ११ लाख रोजगारी सृजना गरेको छभने यसले करिब रु ११ अर्ब बराबरका सामान निकासी गरेको जनाइएको छ । कार्यक्रममा उत्कृष्ट निर्यातकर्ता र योगदानर्तालाई सम्मान पनि गरिएको थियो ।

## 'निगमले विकल्प खोज्न जरुरी छ'

■ प्रभाव संवाददाता




**काठमाडौं–** उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले नेपाल आयल निगमले नयाँ कार्ययोजनाको खोजी गर्न आवश्यक रहेको बताएका छन् । शुक्रबार निगमको ५५ औं वार्षिकोत्सव समारोहमा बोल्दै उद्योगमन्त्री भण्डारीले निगमको हरेक वर्ष व्यापार घट्दो अवस्थामा रहेकोले पेट्रोलियम, ग्यासबाहेक अन्य व्यवसायको खोजी गर्नुपर्नेमा जोड दिए ।

उनले निगमले व्यापारको नयाँ विकल्प खोज्न जरुरी देखिएको उल्लेख गरे । ५५ वर्ष पूरा गरेर अर्बको नाफा कमाउने र लाभांश बाँड्ने मात्रै भन्दा पनि आगामी दिनको यात्रामा आउने चुनौतीलगायतका विषयलाई लिएर नयाँ कुराको खोजी गर्न आवश्यक रहेको उनको भनाइ थियो । मन्त्री भण्डारीले निगमले तेल मात्रै बेचेर मुनाफामा रमाउने कुरा लामो समयसम्म नरहने बताए । उनले पेट्रोलियम पदार्थको विकल्पको सिर्जना भएकाले अब निगमको प्रबन्धपत्रसँग जोडिएका अधिकार क्षेत्रहरूमा पर्ने नयाँ खालको काम खोज्ने कार्ययोजना बनाउन निगम नेतृत्वलाई निर्देशन दिए ।

नयाँ कार्यको खोजी गरिएन भने तेलमात्रै बेचेर संस्था खुम्चँदै धरापमा पर्न जाने उनको भनाइ थियो । उनले निगमको ग्राफलाई बढाउन आवश्यक रहेको उल्लेख गरे । उनले भने, 'नेपाल आयल निगमको हरेक वर्ष व्यापार घट्दो अवस्थामा छ । व्यापारको नयाँ विकल्प खोज्न जरुरी देखिन्छ । ५५ वर्ष पूरा गरे अर्बको नाफा गर्‍यौं, लाभांश बाँड्यौं भन्दा पनि आगामी दिनको यात्रामा आउने चुनौतीलगायत नयाँ कुराको खोजी गर्नु आवश्यक छ । तेल मात्रै बेचेर मुनाफा कमाएर रमाउने धेरै लामो समय छैन ।'

## विदेशी विनिमय सञ्चिति २२ खर्ब ७३ अर्ब

**काठमाडौं (प्रस)–** मुलुकको चालु खाता बचतमा रहेको छभने विदेशी विनिमय सञ्चिति २२ खर्ब ७३ अर्ब पुगेको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्मको विवरणअनुसार विप्रेषण आप्रवाहमा पनि उल्लेख्य सुधार भएको छ ।

समीक्षा अवधिमा चालु खाता रु एक खर्ब ४० अर्ब ७१ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु एक खर्ब ४१ अर्ब तीन करोडले बचतमा रहेको थियो । यो अवधिमा खुद पुँजीगत ट्रान्सफर रु तीन अर्ब ५० करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर रु दुई अर्ब ८७ करोड थियो ।

यसैगरी, गत मङ्सिर मसान्तसम्ममा रु छ अर्ब तीन करोड प्रत्यक्ष वैदेशिक (इक्विटीमात्र) लगानी भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो लगानी रु तीन अर्ब ९३ करोड रहेको थियो । चालु आवको पाँच महिनामा शोधनान्तर स्थिति रु दुई खर्ब २५ अर्ब ३४ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब १६ अर्ब पाँच करोडले बचतमा थियो ।

गत असार मसान्तमा रु २० खर्ब ४१ अर्ब १० करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति पाँच महिनामा ११ दशमलव चार प्रतिशतले वृद्धि भई २०८१ मङ्सिर मसान्तमा रु २२ खर्ब ७३ अर्ब २६ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड रहेकामा समीक्षा अवधिमा नौ दशमलव सात प्रतिशतले वृद्धि भई १६ अर्ब ७६ करोड डलर पुगेको छ ।

कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु २० खर्ब ३३ अर्ब २७ करोड पुगेको छभने राष्ट्र बैंकबाहेक अन्य बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति रु दुई खर्ब ४० अर्ब कायम भएको छ । गत मङ्सिर मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव आठ प्रतिशत रहेको छ ।

समीक्षा अवधिको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १७ दशमलव छ महिनाको वस्तु आयात र १४ दशमलव छ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ । यसैगरी विप्रेषण आप्रवाह चार दशमलव चार प्रतिशतले वृद्धि भई रु छ खर्ब ४० अर्ब ४३ करोड पुगेको छ ।

## चितवन महोत्सवमा काँचो केराका परिकार




**चितवन–** तनहुँको देवघाटबाट आएकी लक्ष्मी तिमिल्सिना नारायणी नदीको किनारमा बनाइएका केराको चिप्स खाँदै थिइन् । उनले आलुको परिकार जस्तै केराको चिप्स नयाँ स्वादका रूपमा पहिलो पटक अनुभव गरेको सुनाइन् ।

उद्योग वाणिज्य संघ चितवनले बिहीबारदेखि सुरु गरेको १५औं चितवन महोत्सवको उद्‌घाटन समारोहमा सहभागी हुन आएकी तिमिल्सिनाले आफूले केरा पकाएर खाने गरे पनि खाना र खाजाका रूपमा काँचो केरालाई प्रयोग नगरेकाले नयाँ स्वाद लागेको बताइन् । देवघाटमा व्यवसाय गर्दै आएकी तिमिल्सिनाले केराजस्तो चोखो जातको परिकार सबै पसलमा पुर्‍याउन सके व्यवसायीका साथै उपभोक्तालाई पनि फाइदाजनक हुने बताइन् । उनले भनिन्, 'केराको परिकारलाई सबैको पसलमा पुर्‍याउनु आवश्यक छ ।'

महोत्सव अवलोकन गर्न आएका भरतपुर महानगरपालिका-१२ का युवराज रेग्मी केराको स्वाद लिँदै घाम ताप्दै थिए । केराका विभिन्न परिकार अवलोकन गर्दै उनले भने, 'नयाँ स्वाद र अर्ग्यानिक परिकारले मन लोभ्यायो । केरा पकाएर मात्रै नभई काँचै पनि विभिन्न परिकार बनाएर खान मिल्ने रहेछ, यो सबैले खान मिल्ने खालको हुँदो रहेछ ।' उनले यसको प्रयोग बढाउन सके प्रभावकारी हुने विचार राखे ।

महोत्सवस्थलमा रहेको केराको मःम, चिप्स, अचारलगायत विभिन्न परिकार खान आउनेको घुइँचो थियो । केराका विभिन्न परकारका बारेमा उपभोक्तालाई जानकारी दिने उद्देश्यले महोत्सवमा राखिएको चितवन केरा संघका उपाध्यक्ष शङ्कर सुवेदीले बताए । उनका अनुसार यहाँ केराको मःम, छोइला, अचार, पकौडा, चिप्सलगायत खाजाका परिकारहरू बिक्रीका लागि राखिएका छन् ।

जिल्लामा हुने हरेक महोत्सवमा संघको नेतृत्वमा केराका परिकार पस्किँदै आइएको सुवेदीले बताए । उनले भने, 'अन्य समयमा बढी सेवाग्राही नपाइने भएकाले मेला महोत्सव लक्षित गर्दै आएका हौं ।'

दैनिक ३१ जना कर्मचारी राखेर महोत्सव अवलोकनकर्तालाई केराका परिकार चखाउँदै र सिकाउँदै आइएको सुवेदीले जानकारी दिए । जिल्लामा दुई हजार दुई सय पाँच हेक्टर क्षेत्रफलमा अहिले केराखेती हुँदै आएकामा ४३ हजार एक सय ९३ मेट्रिक टन उत्पादन हुन्छ । उत्पादनको २० प्रतिशत केरा चितवनले ओगट्ने जनाउँदै संघका उपाध्यक्ष सुवेदीले पूर्वी चितवनको रत्ननगर, खैरहनी, राप्ती र कालिका नगरपालिकामा बढी केराखेती हुने गरेको बताए ।

भरतपुर महानगरको ठिमुरा, जगतपुर र मेघौली क्षेत्रमा पनि व्यावसायिक केराखेती गरिएको छ । केराको खपत बढाउन व्यवसायीले मेला महोत्सवहरूमा विभिन्न परिकार बनाउने गरेका छन् । पाकेको मात्रै होइन, काँचो केराको खपत बढाउन सके बजारको समस्या नहुने व्यवसायीको भनाइ छ ।

**विज्ञापनसम्बन्धी बाँकी बक्यौता रकम भुक्तानी गरिदिनु हुन अत्यन्त जरुरी सूचना !**

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएका सम्पूर्ण विज्ञापनदाता, म्यानपावर र संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरेबापतको बाँकी बक्यौता रकम यही २०८१ साल **पुस मसान्त**भित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि
तथा
प्रभाव दैनिक
सिफल-७, काठमाडौं
फोन नं. ०१-४३७३५७७, ०१-४५८४३६८
marketing2prabhab@gmail.com, prabhabdailynews@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ